# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको एक अपरिहार्य विषय हो ।  शिक्षाविना अन्य विकासका सम्भावनाहरु क्षीण बन्दछन् । शिक्षा नै सभ्यता एवम् उन्नति र प्रगतिको कारक हो । मानव सभ्यताको प्राचीन समयलाई हेर्ने हो भने पनि त्यस समयमा गुरुहरूको आश्रममा गई ज्ञान हासिल गर्ने परम्परा पाइन्छ । त्यतिबेला प्राचीन धर्म ग्रन्थहरुलाई नै मुख्य आधार बनाई त्यसलाई कण्ठाग्र पार्ने गरिन्थ्यो शिष्यहरूका हरेक व्यवहार गुरुबाट निर्देशित हुन्थ्यो । शिक्षाको जिम्मेवारी धर्मले लिएको जस्तो देखिन्थ्यो ।

मानव सभ्यताको विकास सँगसँगै अन्य क्षेत्रमा आएका परिवर्तनहरू सँगसँगै शिक्षा लिने र दिने क्रममा पनि थुप्रै परिवर्तनहरू क्रमशः देखापर्दै आएको पाइन्छ । नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा वि.सं. १९१०मा राणा प्रधानमन्त्री जंगबहादुरले अंग्रेजी स्कुलको स्थापना गरे । त्यसपछि जयपृथ्वी बहादुर सिंहले भाषा पाठशालाको स्थापना गरे त्यहाँबाट नै शिक्षण सिकाइका केही भिन्न स्वरुपहरू देखा पर्न थालेका हुन् । जब २००७ सालको राजनीतिक परिवर्तन भयो त्यससँगसँगै शिक्षा क्षेत्रको विकास तथा उत्थानका लागि विभिन्न शिक्षा आयोगहरूको गठन गरियो । ती विभिन्न आयोगका सिफारिस तथा विश्वव्यापी रूपमा शिक्षणका क्षेत्रमा भएका नवीनतम प्रगतिहरूले शिक्षण सिकाइको क्षेत्रलाई आजको अवस्थामा पुऱ्याएको छ ।

यस सन्दर्भमा शिक्षण सिकाइका क्षेत्रमा नवीनतम विधि तथा प्रक्रियाहरूको प्रयोग गर्न थालिएको छ । यस्ता पछिल्ला नवीनतम विधि मध्येको एक विधिका रुपमा अन्तर्क्रियात्मक विधिलाई लिइएको छ । त्यसकारण यस अध्ययनले भाषा शिक्षणको क्षेत्रमा अन्तर्क्रियात्मक विधिको प्रयोग अवस्थलाई चासोका साथ लिएको छ । यस शोधपत्रले चितवन जिल्ला, र.न.पा. भित्रका निजी र सरकारी विद्यालयका कक्षाहरूको प्रत्यक्ष अवलोकन गरी शिक्षक विद्यार्थीको सम्बन्ध, निरन्तर मूल्याङ्कनको अवस्था, शैक्षिक सामग्रीको प्रयोग जस्ता विविध पक्षलाई यस शोधपत्रको मूल आधार बनाई अध्ययन गरेको छ ।

## १.२ समस्याकथन

शिक्षण एक जटिल प्रक्रिया हो । त्यसमाथि पनि भाषिक सिपहरूको शिक्षण गर्ने काम अझ चुनौतिपूर्ण र कठिन कार्य मानिन्छ । शिक्षण, शिक्षकले भाषण गर्ने र विद्यार्थी समूहलाई सुन्न लगाउने परम्परागत सोचाइका कारण भाषा शिक्षणमा जटिलताहरू देखा परेका छन् । वास्तवमा शिक्षण सिकाइ शिक्षक र विद्यार्थीहरू बिचको द्विपक्षीय प्रक्रिया हो । यी दुवै पक्षको उचित अन्तर्क्रियाबाट नै शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्न सक्दछ । यही सोचका साथ शिक्षण सिकाइका सन्दर्भमा प्रयुक्त एकोहोरो प्रक्रियालाई हटाई सिकाइ प्रक्रिया प्रभावकारी बनाउनका लागि विभिन्न अन्तर्क्रियात्मक उपायहरूमा जोड दिन थालिएको छ । यस उपायलाई नै शिक्षण सिकाइको उत्कृष्ट पद्धति मानिएको सन्दर्भमा कक्षाकोठामा शिक्षक-विद्यार्थीका बिचमा गरिने अन्तर्क्रियालाई यस शोधमा समस्यका रूपमा प्रस्तुत गरिएको छ :

क) शिक्षक विद्यार्थी अन्तर्क्रियाको स्वरूप कस्तो छ ?

ख) शिक्षकहरूले कक्षाकोठामा पर्याप्त छलफल गरी अध्ययन गर्दछन् ?

ग) कक्षा शिक्षण र मूल्याङ्कनलाई सहकार्यकलापका रूपमा प्रयोगमा ल्याइएको छ ?

घ) कक्षाकोठामा विद्यार्थी सक्रियता कस्तो छ ?

ङ) सरकारी र निजी विद्यालयमा अन्तर्क्रिया विधिको प्रयोग अवस्था तुलना गर्न सकिन्छ ?

च) कुन पाठ्यवस्तुको अन्तर्क्रियात्मक पठन पाठन बढी प्रभावकारी छ ?

## १.३ शोधको उद्देश्य

उद्देश्यहीन कार्यको कुनै अर्थ रहदैन । हरेक क्रियाकलापहरू कुनै न कुनै उद्देश्यका साथ सञ्चालित हुन्छन् । झन् त्यसमाथि शोध जस्तो गहन विषयको अध्ययन निश्चित उद्देश्यबिना उपलब्धिविहीन बन्न पुग्दछ । तसर्थ यस शोधकार्यलाई अर्थपूर्ण बनाउनका लागि निम्नलिखित उद्देश्यहरूमा शोधपत्र केन्द्रित रहेको छ :

क) नि.मा.वि. तहका शिक्षक विद्यार्थीको अन्तर्क्रियाको स्वररूपको अध्ययन गर्नु,

ख) कक्षाकोठामा शिक्षकहरूले पर्याप्त छलफल गर्छन गर्दैनन् ? पत्ता लगाउनु,

ग) कक्षा शिक्षणसँगै मूल्याङ्कनलाई सहकार्यकलापका रूपमा प्रयोग गरिएको छ छैन पत्ता लगाउनु ,

घ) कक्षाकोठामा विद्यार्थी के कति सक्रिय हुन्छन् ? सो पत्ता लगाउनु,

ङ) सरकारी र निजी विद्यालयका नि.मा.वि. तहमा नेपाली भाषा शिक्षणमा हुने अन्तर्क्रियात्मक अवस्थाको तुलना गर्नु,

च) भाषा पाठ्यक्रमको कुन पाठ्यविधिको अन्तर्क्रियात्मक पठनपाठन कति प्रभावकारी छ त्यसको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

वर्तमानलाई विगतद्वारा गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सोही बमोजिम हिडाउन प्रत्यक्ष परोक्ष रूपमा पूर्वकार्यको समीक्षाको विशेष महत्त्व रहन्छ । अनुसन्धान पूर्व उक्त विषयसँग सम्बन्धित अध्ययन के कस्ता छन् ? टिप्पणी गरी आफूले गर्न लागेको अध्ययनलाई सहज बनाउन पूर्वकार्यको समीक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ । यस अध्ययनको विषयसँग मिल्दाजुल्दा अध्ययन वि.सं. २०६५ पछि केही मात्र भएका छन् । जसलाई पूर्वकार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ :

कान्ति हटुवाल (२०६५) ले स्नातकोत्तर तहको उपाधिका लागि 'कक्षा आठको नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक स्रोतका रूपमा प्रश्नावली, अन्तर्वार्ता र द्वितीय स्रोतका रूपमा पूर्वकार्यहरू सन्दर्भ, पुस्तकहरू र विभिन्न पत्रपत्तीकालाई आधार बनाइएको छ ।

ध्रुव ब. महरा ( २०६५) ले स्नातकोत्तर तह उपाधिका लागि 'नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' नामक शोधपत्रमा शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियात्मक अवस्था, कक्षा वातावरणको अवस्था, शिक्षक विद्यार्थी सहभागिता, समयावधिको वितरण, पाठको प्रकृति अनुरूपको शिक्षणको अवस्था पत्ता लगाउने उद्देश्य राखिएको छ । प्रश्नावली र अवलोकन विधिको प्रयोग गरी तयार पारिएको सो अध्ययनले विद्यार्थीमा रुचि जगाएर अध्ययन अध्यापन गराउनुपर्ने, कक्षा व्यवस्थापनमा ध्यान

पुऱ्याउनुपर्ने, शिक्षक र विद्यार्थी बोल्ने समय बाँडफाँड गर्नु पर्ने, शिक्षक विद्यार्थी बिचको दोहोरो अन्तर्क्रिया बढाउनुपर्ने सुझाव दिइएको छ ।

सीता घिमिरे (२०६५) ले स्नातकोत्तर उपाधिका लागि 'कक्षा ८ को नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' शीर्षकमा गरिएको अनुसन्धानमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको समय निर्धारण गर्ने, पाठ अनुसारको क्रियाकलाप छ छैन पत्ता लगाउने, शिक्षणीय क्रमको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित छ । कक्षाकोठाको प्रत्यक्ष अवलोकन र प्रश्नावलीका माध्यमले तथ्याङ्क सङ्कलन गरिएको सो शोधपत्रले शिक्षक विद्यार्थी अन्तर्क्रिमा सुधार ल्याउनु पर्ने, शिक्षणलाई क्रमबद्ध बनाउनु पर्ने, विद्यार्थीलाई सामूहिक रूपमा समस्या दिनु पर्ने, विद्यार्थीलाई शिक्षकसँग नजिकिने वातावरण तयार पार्नु पर्ने सुझाव दिइएको छ ।

झरन रजौरे ( २०६६) ले स्नातकोत्तर उपाधि प्राप्तिका लागि 'कक्षा नौ को नेपाली भाषाको शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' गरेको पाइन्छ ।

बेगम के.सी (२०६६) ले 'कक्षा १० को नेपाली भाषा शिक्षणका सन्दर्भमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' गरेको पाइन्छ ।

विष्णुप्रसाद ढकाल (२०६६)ले स्नातकोत्तर उपाधिका लागि 'कक्षा तिनको शिक्षक विद्यार्थीको अन्तर्क्रियाको अध्ययन' नामक शीर्षकमा शोध पत्र तयार पारेका छन् । सो शोधपत्रमा अन्तर्क्रियाका लागि शिक्षक विद्यार्थीको सम्बन्ध सुमधुर हुनु पर्ने, कक्षा कार्यकलापकमा विद्यार्थी सहभागिता बढाउनु पर्ने, शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने जस्ता सुझावहरू दिएको पाइन्छ ।

## १.५ अध्ययनको औचित्य

निश्चित विषयवस्तुमा केन्द्रित रहेर दुई व्यक्ति, दुई समूह वा दुई पक्षका बिचमा हुने विचार-विमर्शलाई अन्तर्क्रिया भनिन्छ । वास्तवमा शिक्षण सिकाइ भनेको शिक्षक विद्यार्थी बिचको अन्तर्क्रिया हो । प्रभावकारी कक्षा शिक्षणका लागि शिक्षक र विद्यार्थी दुवै पक्ष सक्रिय रहनु आवश्यक छ । दुवै पक्षको सक्रिय सहभागिताले मात्र शिक्षण सिकाइ प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ । झन् त्यसमाथि भाषा शिक्षण जस्तो जटिल विषयमा त शिक्षक विद्यार्थीहरूको छलफल र अन्तर्क्रियाको अझै ठूलो भूमिका

रहन्छ । तथापि यो यथार्थलाई बिर्सिएर आजभोलि पनि कक्षामा पढाउनु भनेको शिक्षकले एकोहोरो प्रवचन दिनु र विद्यार्थीहरूले बिना प्रतिक्रिया श्रवण गर्नु हो भन्ने मानसिकता कतिपय शिक्षकहरूमा पाइन्छ । जसले गर्दा अपेक्षित उपलब्धिहरू हासिल गर्न कठिनाइ पर्दछ । शिक्षकले विषयवस्तुको प्रस्तुतिका निम्ति पाउने समय र विद्यार्थीले त्यस विषयमा आफ्ना जिज्ञासा प्रस्तुत गर्ने समयको उपयुक्त वितरण र यस क्रममा प्रयोग गरिने शिक्षण कार्यकलापबाट शिक्षण बढीभन्दा बढी प्रभावकारी हुन्छ । प्रस्तुत अध्ययन उक्त सन्दर्भमैं केन्द्रित छ । यस अध्ययनबाट प्राप्त तथ्यहरूले भाषा शिक्षणमा प्रत्यक्ष संलग्न पक्षहरू, शिक्षक र विद्यार्थी, प्रशिक्षक, शैक्षणिक योजना निर्माता तथा शिक्षाविद्हरूका लागि समेत उपयोगी हुने भएकाले यस अनुसन्धान औचित्यपूर्ण देखिन्छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोध चितवन जिल्ला, रत्ननगर नगरपालिका अन्तर्गतका निजी र सरकारी विद्यालयका निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्ने २/२ जना गरी ४ जना शिक्षकहरूको कक्षा कार्यकलाप तथा अन्तर्वार्तामा केन्द्रित रहेको छ । चार जना शिक्षकहरूको दश/दश कक्षाको अवलोकनमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधपत्र नि.मा.वि. तहमा नेपाली भाषा शिक्षणका सन्दर्भमा गरिने अन्तर्क्रियामा केन्द्रित रहेको छ । यस शोधले शिक्षक विद्यार्थी अन्तर्क्रियाको अवस्था, मूल्याङ्कनको पद्धति, कक्षामा शिक्षक विद्यार्थीको सक्रियताका बारेमा अध्ययन गर्ने भएकाले यी उद्देश्यहरूको प्राप्तिका लागि मुख्यतः क्षेत्रीय अध्ययन विधि र अंशतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसरी अध्ययन गर्दा उपयुक्त सामग्री निर्माण गरी कक्षा अवलोकन पश्चात ती सामग्रीको विश्लेषण गरिएको छ ।

### क) जनसङ्ख्याको छनोट

नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा हुने शिक्षक विद्यार्थी अन्तर्क्रियाको अवस्थाका बारेमा थाहा पाउनका लागि खास गरी नेपाल अधिराज्य भरका विभिन्न क्षेत्रमा रहेर नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन गर्नु पर्ने हो तर प्रस्तुत शोधपत्रको पाठ्यभार तथा समयावधि

आदिका परिधिलाई दृष्टिगत गर्दा सो कार्य सम्भव नभएकाले चितवन जिल्लाको र.न.पा. भित्रका निजी तथा सरकारी विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिकाको कक्षा तथा तिनका विद्यार्थीलाई प्रीतिनधि नमुनाका रूपमा छनोट गरिएको छ ।

**ख) सामग्री निर्माण**

शिक्षकहरूको कक्षा अवलोकनका लागि पाठको प्रकृति अनुसार कक्षा अवलोकन फारम तयार पारिएको छ । कक्षा अवलोकन पश्चात् सम्बद्ध शिक्षक शिक्षिकाहरूलाई कक्षा शिक्षणसँग सम्बन्धित विषयमा केन्द्रित हुने गरी प्रश्नावली भर्न लगाइएको छ । उपयुर्क्त पद्धतिबाट प्राप्त सामग्री नै यस शोधका प्रारम्भिक सामग्री मानिएको छ ।

**ग) पूर्व कार्य परीक्षण**

प्रस्तुत शोधकार्य लागि निर्मित सामग्रीको उपयुक्ततालाई परीक्षण गर्न नमुनाका रूपमा प्रत्येक शिक्षकका एक-एक कक्षा अवलोकन गरी आवश्यकता अनुसार अवलोकन फारम तथा प्रश्नावलीहरू सच्याइएको छ ।

**घ) तथ्य सङ्कलन**

प्रस्तुत शोधपत्रको तयारीका क्रममा कक्षा अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ताका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ ।

**ङ) तथ्याङ्क विश्लेषण**

तालिकीकरण, तुलना, विश्लेषणात्मक पद्धतिद्वारा प्राप्त सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधपत्र निर्माणका लागि वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक तथा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्न निम्नलिखित अध्यायमा विभाजन गरिएको छ :-

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : परिणामको तुलनात्मक विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई
# सैद्धान्तिक परिचय

## २.१ अन्तर्क्रियाको परिचय

अन्तर्क्रिया शब्द 'अन्तर' 'क्रिया' मिलेर बनेको हो । अन्तरको अर्थ भित्र वा बिच भन्ने हुन्छ भने 'क्रिया' ले कामलाई बुझाउँछ । त्यसरी नै यहाँ अन्तर्क्रिया भन्नाले कक्षाकोठामा शिक्षक र विद्यार्थी बिच हुने छलफल प्रश्नोत्तर तथा वादविवाद एवम् कर्मशीलतालाई बुझाउँछ । कुनै दुई वा सोभन्दा बढी व्यक्ति, समूह वा पक्षका बिचमा हुने तर्कवितर्क, बहस तथा छलफललाई अन्तर्क्रिया भनिन्छ । यस्तो अन्तर्क्रिया निश्चित वियवस्तुमा केन्द्रित हुन्छ र त्यसबाट ठोस निष्कर्ष निस्कन्छ । सो निष्कर्षमा कुनै एक पक्षको मात्र नभई दुवै व्यक्ति वा पक्षको साझा सहमतिका कुराहरू रहन्छन् ।

कक्षाकोठाको वातावरण अन्तर्क्रियायुक्त बनाउनका लागि शिक्षक र विद्यार्थी दुवैको व्यवहार राम्रो हुनु जरूरी छ । यसमा पनि विशेष गरी शिक्षकको दायित्व बढी हुन्छ । शिक्षकका कक्षा व्यवहार, अधिकारयुक्त र एकीकृतयुक्त गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कक्षामा शिक्षक एकोहोरो बोलिरहने, विद्यार्थीलाई उसका आफ्ना विचार अभिव्यक्त गर्न नदिने, एकतर्फी सञ्चार प्रसारण गर्नुलाई अधिकारयुक्त अन्तर्क्रिया भनिन्छ । कक्षा शिक्षणमा विद्यार्थीलाई अन्तर्क्रियामा सक्रिय सहभागी बनाउने, प्रश्न सोध्ने, छलफल गराउने, विद्यार्थीका विचारहरू स्वीकार गर्नुलाई एकीकृतयुक्त अन्तर्क्रिया भनिन्छ (शर्मा एण्ड शर्मा : २०६३ : ९७) ।

शिक्षण सिकाइका वर्तमान परिप्रेक्ष्यमा एकीकृतयुक्त अन्तर्क्रियात्मक विधिलाई नै उत्कृष्ट शिक्षण विधिका रूपमा लिइएको पाइन्छ । यस विधिलाई अवलम्बन गरी शिक्षण गर्दा कक्षाकोठामा शिक्षक र विद्यार्थी तथा विद्यार्थी विद्यार्थीका बिचमा बहस हुन्छ । तर यस्तो गर्दा शिक्षक र विद्यार्थीको भूमिका, उत्कृष्ट मध्यम र न्यून क्षमताका विद्यार्थीहरूको सक्रियता के कस्तो रह्यो भन्ने कुरामा विचार पुऱ्याउनु पर्दछ । यसरी अन्तर्क्रियाका माध्यमबाट भाषा सिकाउँदा विद्यार्थी सक्रियतामा बृद्धि हुन्छ, सामूहिक रूपमा समस्या समाधान गर्ने बानीको विकास हुन्छ, आफ्ना विचार प्रस्तुत गर्ने, अरुका विचार ग्रहण गर्ने, मूल्याङ्कन गर्ने, सिकाइप्रति जागरुक हुने, सहयोगी भावनाको विकास तथा नेतृत्वदायी क्षमताको अभिवृद्धि भई व्यक्तित्व विकासमा पनि सहयोग पुग्दछ ।

## २.२ अन्तर्क्रियाको ऐतिहासिक पृष्ठभूमि र विकास प्रक्रिया

कक्षा शिक्षणमा शिक्षक तालिमको आवश्यकता महसूस भएबाट शिक्षणलाई प्रभावकारी बनाउन विभिन्न कार्यकलापहरूको सुरुवात भएको । त्यसैको फलस्वरूप अन्तर्क्रिया विधिको विकास भएको पाइन्छ । करिब सन् १९५०-६० को दशकबाट पश्चिमी जगत्मा Deshooling Society, School Without walls र Open Education का धारणाहरू आए । यी धारणाहरूले अन्तर्क्रियात्मक विधिलाई जोड दिए । अनौपचारिक शिक्षामा पनि नयाँ मोड ल्याउनका लागि शिक्षकलाई तालिम प्राप्त बनाउन, सिकाइ प्रभावकारी बनाउन, शिक्षक र विद्यार्थीलाई क्रियाशील बनाउन यस विधिको प्रयोग गरियो (शर्मा एण्ड २०६३) ।

सन् १९३० को दशकबाट कक्षाकोठामा अन्तर्क्रिया विश्लेषणका थुप्रै कार्यहरू सुरु भए । यसको सुरुवात शिक्षविद् H.H.Anderson ले गरेको पाइन्छ । Anderson ले गरेको अनुसन्धान कक्षाकोठामा आदेशात्मक वा सहभागीमूलक तरिका राम्रो हुन्छ भन्नेमा केन्द्रित थियो । उक्त अनुसन्धानको निष्कर्ष अन्तर्क्रियात्मक कार्यले महत्त्वपूर्ण स्थान प्राप्त गऱ्यो । यस विधिमा विद्यार्थीको प्रत्यक्ष सहभागिता हुने हुनाले शिक्षणको उद्देश्य पूरा भयो भनी मापन गर्न सकिन्छ र आवश्यकता अनुसार सुझाव दिन तथा परिमार्जन गर्न सहज हुने कुरा उनले बताएका छन् ।

यसपछि अन्तर्क्रियाका विश्लेषण विधिमा शिक्षाविद्हरू निरन्तर लागि परे । विविध अन्तर्क्रियात्मक विधिहरूको विकास भयो । यस्ता विविध अन्तर्क्रियात्मक विधिहरू मध्ये Ned A flanders ले १९५० म फ्लान्डर विधि निकाले । त्यसपछि सन् १९९७ को दशक पछि दशकबाट कक्षाकोठामा अन्तर्क्रिया विधि ज्यादै प्रचलित बन्दै आएको छ ।

## २.३ अन्तर्क्रियात्मक विधिहरू तथा प्रकारहरू


कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थीले विभिन्न व्यवहार देखाउँछन् र विभिन्न किसिमका कार्यकलापहरू गर्दछन् । यसरी कक्षाकोठामा शिक्षक र विद्यार्थी बिचमा हुने यस्ता विविध कार्यकलापलाई अन्तर्क्रिया भनिन्छ । कक्षामा विद्यार्थीको योग्यता, क्षमता, चाख, आवश्यकता र व्यवहारको ढाँचाले शिक्षकको व्यवहार निर्धारण गर्दछ । यसरी दुवै पक्षका व्यवहारले कक्षाकोठामा अन्तर्क्रियाको स्वरूप निर्धारण गर्दछ । यसका आधारमा

अन्तर्क्रियाका विधिहरूलाई विभिन्न विद्वान् तथा शिक्षाविद्हरूले आ-आफ्ना ढङ्गबाट प्रस्तुत गरेका छन् ।

विष्णप्रसाद अधिकारी र आनन्द पौडेलले शिक्षाशास्त्र र 'नेपालमा शिक्षा' नामक पुस्तकमा व्यक्ति- व्यक्ति  बिच हुने अन्तर्क्रिया, व्यक्ति र समूह बिच हुने अन्तर्क्रिया र समूह -समूह बिच हुने अन्तर्क्रिया  गरी तिन प्रकारमा विभाजन गरेका छन् । उक्त पुस्तकमा अन्तर्क्रियाका तिन चरणलाई प्रस्तुत गरिएको छ ।

व्यक्ति-व्यक्ति  बिचको अन्तर्क्रियालाई प्राथमिक चरणको अन्तर्क्रिया, व्यक्ति समूह  बिच हुने अन्तर्क्रियालाई दोस्रो चरणको र समूह-समूह बिच हुने अन्तर्क्रियालाई तेस्रो चरणको अन्तर्क्रिया भनी व्याख्या गरिएको पाइन्छ । विभिन्न प्रकारका अन्तर्क्रिया र त्यो किन ? कसरी भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**क) व्यक्ति व्यक्ति बिचको अन्तर्क्रिया**



**ख) व्यक्ति समूह  बिचको अन्तर्क्रिया**

**किन ?**

- सम्बन्ध विस्तार गर्न
- ज्ञान बढाउन
- सामूहिक भूमिका पहिचान गर्न
- अस्तित्व कायम गर्न

**व्यक्ति समूह बिचको अन्तर्क्रिया**

**कसरी ?**

- समूहको सदस्य बनेर
- समूह कार्यमा सहभागी भएर
- सामूहिक समस्या प्रस्तुत गरेर

**कोसँग ?**

- स्थानीय समुदाय
- सामाजिक संघ संस्था
- विद्यालय
- धार्मिक संघसंस्था

**ग) समूह समूह बिचको अन्तर्क्रिया**

**किन ?**

- समूह समूहका ठूला समस्या हल गर्न
- एक समूहको समस्यासँग अर्को समूहको संलग्नता बढाउन
- सामूहिक सहकार्यको वातावरण सिर्जना गर्न

समूह समूह बिचको अन्तरक्रिया

**किन ?**

- संयुक्त कार्यक्रम सञ्चालन गरेर,
- सकारात्मक सम्बन्ध स्थापित गरेर

**कोसँग ?**

- राष्ट्रिय समूह,
- अर्को समाजको सामाजिक संघ संस्था

( ढकाल, २०६६ : १२ )

चिरञ्जीवी शर्मा र निर्मला शर्माले शैक्षिक प्रविधि र नेपालमा शिक्षा नमक पुस्तकमा अधिकारयुक्त अन्तर्क्रिया र एकिकृतयुक्त अन्तर्क्रिया भनी व्याख्या गरेका छन् ।

यसरी विभिन्न विद्वान्हरूका विचारलाई दृष्टिगत गर्दै कक्षाकोठाभित्र प्रयोग गरिने अन्तर्क्रियाका विविध रूपहरूलाई हेरी अन्तर्क्रियालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**अन्तर्क्रिया**

**बाह्य अन्तर्क्रिया** | **आन्तरिक अन्तर्क्रिया**

### २.३.१ आन्तरिक अन्तर्क्रिया

आन्तरिक अन्तर्क्रिया भन्नाले व्यक्ति स्वयम् आफैभित्र हुने क्रिया प्रतिक्रियालाई बुझाउँछ । कुनै विषयवस्तुका बारेमा शिक्षक वा विद्यार्थी स्वयम् पक्ष- विपक्षमा उभिई बैचारिक मन्थन गर्दछ, हो, होइन तर्क वितर्क गर्दछ र निष्कर्षमा पुग्दछ । यसलाई आन्तरिक अन्तर्क्रिया भनिन्छ । यसमा अनुभवको श्रेष्ठता रहन्छ । यस अन्तर्गत एकल संवाद, आत्मालाप, मनोवाद, मानसिक उहापोहहरू, आदि पर्दछन् । शिक्षण सिकाइका सन्दर्भमा यस प्रकारको अन्तर्क्रिया खासै प्रयोग नभए पनि ज्ञान प्राप्तिका लागि भने उपयोगी हुन्छ ।

### २.३.२ बाह्य अन्तर्क्रिया

बाह्य अन्तर्क्रिया भन्नाले कुनै दुई वा सो भन्दा बढी व्यक्ति, समुह आदिका बिचमा हुने क्रिया प्रतिक्रियालाई बुझाउँछ । यसमा कक्षा ६,७ र ८ कक्षाका नेपाली भाषा पाठ्यक्रमका निबन्ध, कविता, कथा, व्याकरण, जीवनी, अभिव्यक्ति सिर्जना जस्ता पाठ्यविधिहरूमा गरिने सामूहिक संवाद, प्रश्नोत्तर, छलफल आदि पर्दछन् । बाह्य अन्तर्क्रियामा खास गरी शिक्षक र विद्यार्थीका बिचमा, जान्ने र नजान्नेका बिचमा, छात्र र छात्राका बिचमा, विद्यार्थी विद्यार्थीका बिचमा, पहिलो भाषी र दोस्रो भाषी शिक्षार्थीका बिचमा, विद्यार्थी र शैक्षिक सामग्रीका बिचमा अन्तर्क्रिया गराउन सकिन्छ ।

क) **शिक्षक र विद्यार्थी अन्तर्क्रिया**

कक्षाकोठामा शिक्षण सिकाइका सन्दर्भमा शिक्षक र विद्यार्थी दुवैका बिचमा विभिन्न पाठ्यवस्तु, विधामा अन्तर्क्रिया हुनु जरुरी छ । शिक्षकले आफ्ना ज्ञान, सिप, अनुवभ तथा विचारहरू व्यक्त गर्ने र विद्यार्थीहरूले शिक्षकका विचारहरू ग्रहण गर्ने प्रक्रियाबाट अन्तर्क्रिया हुने गर्दछ । यस प्रकारको अन्तर्क्रियामा शिक्षकले विद्यार्थीको रुचि, स्तर, तह, आवश्यकता र विषयवस्तुको पूर्वज्ञानका बारेमा विद्यार्थीबाट जानकारी लिनु पर्दछ र विद्यार्थीहरूले विषयवस्तका बारेमा लागेका जिज्ञासा, उब्जिएका समस्या तथा आफ्ना अनुभव र विचारहरू साथी समूह वा शिक्षकका बिचमा व्यक्त गर्ने अवसर पाउनु पर्दछ । शिक्षकले विषयवस्तुका बारेमा विद्यार्थीहरूसँग छलफल र प्रश्नोत्तर गर्नुपर्दछ । यस खालको अन्तर्क्रियाको सञ्चालन गर्दा कक्षाकोठामा रहेका जान्ने, नजान्ने, मिहेनती, अल्छी, छात्र, छात्रा, पहिलो भाषी, दोस्रो भाषी, अगाडि बस्ने र पछाडि बस्ने आदि सबै विद्यार्थीहरूलाई समान अवसर दिनु पर्दछ । यसरी शिक्षक र विद्यार्थीका बिचमा मात्र कक्षाकोठाको शिक्षण

सिकाइ प्रभावकारी बन्न सक्दछ र अपेक्षित उपलब्धिहरू प्राप्त गर्ने विद्यार्थीको अनुभव र पूर्वज्ञानका बारेमा सूचना लिई थप ज्ञान तथा सिप प्रदान गर्न सकिन्छ । यसरी शिक्षक र विद्यार्थीका बिचमा जति अन्तर्क्रिया हुन सक्यो शिक्षण त्यति नै प्रभावकारी बन्न सक्दछ ।

**ख) विद्यार्थी -विद्यार्थी बिच अन्तर्क्रिया**

एउटा कक्षाकोठामा भिन्न भिन्न भाषिक पृष्ठभूमि भएका, उच्च, मध्यम तथा निम्न वर्गका विभिन्न धर्म, संस्कृति, क्षेत्र, भूगोल तथा राजनैतिक परिवेशबाट विद्यार्थीहरू आएका हुन्छन् । उनीहरूका रुचि, क्षमता तथा स्वभाव पनि फरक फरक हुन्छन् । यस्ता विद्यार्थीहरूलाई निश्चित विषयवस्तुमा केन्द्रित गराउँदै शिक्षण गर्न सकेको खण्डमा सिकाइ प्रभावकारी बन्न पुग्दछ । यसरी विद्यार्थी-विद्यार्थीका विचारमा अन्तर्क्रिया हुँदा विद्यार्थीहरूले आफ्ना विचार अनुभव तथा ज्ञानलाई पाठ्यविधिका सीमामा बाँधिएर आफ्ना सहपाठीहरूका बिचमा प्रष्टसँग राख्न सक्दछन् कतिपय शिक्षकलाई भन्न नसकेका कुराहरू समेत साथी समूहमा सजिलै राख्न सक्छन् । र विद्यार्थीका बिचमा उठेका समस्याहरूका बारेमा विद्यार्थीहरूले छलफल गरी समस्या समाधान गर्दछन् । यस किसिमको कार्यकलापमा स्वयम् विद्यार्थीले नै शिक्षकको भूमिका निर्वाह गर्न सक्दछ । समूहको नेतृत्व गर्न सक्दछ । समूहमा रहेर सदस्यका हैसियतले गर्नुपर्ने दायित्व वहन गर्न सक्दछ । सहयोगी भावनाको विकास हुन्छ र यसरी प्राप्त गरेको ज्ञान चिरस्थायी हुन्छ । यस खालको अन्तर्क्रियामा शिक्षक सुपरिवेक्षकका रूपमा रहन्छन् ।

**ग) पहिलो भाषी र दोस्रो भाषीका बिचमा अन्तर्क्रिया**

कक्षाकोठा भित्र विभिन्न भाषिक पृष्ठभूमिबाट विद्याहरूर्थीबाट आएका हुन्छन् । कसैको मातृभाषा नेपाली हुन्छ भने केही इतर नेपाली हुन्छन् । पहिलो भाषाका रूपमा नेपाली सिक्नेहरूलाई सिकाइ सहज हुन्छ भने दोस्रो भाषाका रूपमा नेपाली सिक्नेका लागि केही कठिनाइहरू देखा पर्दछन् । यो अवस्था पहिलो भाषा र दोस्रो भाषाका विद्यार्थीहरूका बिच अन्तर्क्रिया गराउँदा, दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरू लाभान्वित हुन्छन् र उनीहरूको त्रुटि क्षेत्र पहिचान हुन्छ र ती त्रुटिहरू निराकरण गर्नका लागि समेत सहज हुन्छ ।

### घ) शैक्षिक सामग्री र विद्यार्थी  बिचको अन्तर्क्रिया

शिक्षकले शिक्षण सिकाइका सन्दर्भमा शिक्षण कार्यकलापलाई प्रभावकारी बनाउनका लागि भिन्न शिक्षण सामग्रीहरूको प्रयोग गर्दछ । दैनिक प्रयोग सामग्री बाहेक तस्वीर, चित्र, तालिका, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, फ्लाटिन बोर्ड, गोजितालिका आदि पर्दछन् । यस्ता शिक्षणमा सामग्रीलाई शिक्षकले कक्षाकोठामा प्रस्तुत गर्दछ । यस्ता शिक्षण सामग्रीहरू अरु विशेष गरी चित्र, तस्वीर, तालिका, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, आदिलाई कक्षामा प्रदर्शन गरी विभिन्न विद्यार्थीहरूका  बिचमा अन्तर्क्रिया गराउन सकिन्छ । यसरी शिक्षण सामग्रीमा केन्द्रित गराई कक्षा कोठामा गरिने अन्तर्क्रियालाई शैक्षिक सामग्री र विद्यार्थी  बिचको अन्तर्क्रियाका  रूपमा लिन सकिन्छ । यस खालको अन्तर्क्रियामा विद्यार्थी सक्रिय हुन्छन् । आपसमा तर्क वितर्क गर्न सक्दछन् ।

## २.४ अन्तर्क्रिया विधिका सबल पक्षहरू

शिक्षण सिकाइ कार्यकलापका पछिल्ला समयहरूमा बढी प्रभावकारी देखिएको अन्तर्क्रिया विधिका फाइदाहरूलाई निम्न अनुसार देखाउन सकिन्छ :

i. विद्यार्थीहरूका अनन्तिर्नहित प्रतिभा प्रस्फुटन गराउन,
ii. शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी र अर्थपूर्ण बनाउन,
iii. सिकाइलाई दीर्घकालीन बनाउन,
iv. विद्यार्थीहरूका वैचारिक भिन्नता पत्ता लगाउन,
v. आपसी छलफलबाट विद्यार्थीहरूमा समस्या समाधान गर्ने क्षमताको विकास गर्न,
vi. कक्षा शिक्षणमा प्रचलित एकोहोरो शिक्षण सिकाइलाई हटाई विद्यार्थी केन्द्रित शिक्षण गर्न मद्दत गर्न,
vii. विद्यार्थीहरूमा नेतृत्वदायी क्षमताको विकास गराउन,
viii. विद्यार्थीहरूमा विचार तथा धारणाहरूलाई बाहिर ल्याउन तथा प्रतिस्पर्धात्मक वातावरणको सृजना गर्न,
ix. विद्यार्थीमा तार्किक क्षमताको विकास गराउन,
x. विद्यार्थीहरूमा सामाजिक भावनाको विकास गराउन ।

## २.५ अन्तर्क्रिया विधिका दुर्बल पक्षहरू

अन्तर्क्रिया विधि शिक्षण सिकाइको प्रभावकारी विधि मानिए तापनि यस विधिका केही दुर्बल पक्षहरू छन् । जसलाई यहाँ प्रस्तुत गरिएको छ :

i. यस विधिबाट शिक्षण कार्यकलाप गर्दा बढी समय खर्च हुन्छ,

ii. कक्षाकोठामा अन्तर्क्रिया गराउदा कक्षा वातावरण अनियन्त्रित हुन्छ ,

iii. यस विधिबाट शिक्षण गर्दा कम बोल्ने र लजालु स्वभावका विद्यार्थीहरू पछाडि पर्दछन्,

iv. भाषिक सिपको सन्दर्भमा लेखाइ र पढाइ सिप ओझेलमा पर्दछन् ।

v. बहुभाषी कक्षामा अन्तर्क्रिया चलाउन गाह्रो हुन्छ ,

vi. अन्तर्क्रिया विषयवस्तुभन्दा बाहिर जान्छ,

vii. विद्यार्थी सङ्ख्या धेरै भए अन्तर्क्रिया सञ्चालन गर्न गाह्रो हुन्छ ।

माथि उल्लेख गरिएका कुराहरूलाई विचार पुऱ्याएर कक्षाकोठामा अन्तर्क्रिया विधिको प्रयोग गर्न सकेमा कक्षा शिक्षणमा प्रभावकारिता आउन सक्छ ।

## २.६ अन्तर्क्रियामा प्रभावकारिता ल्याउने तरिका

अन्तर्क्रिया विधिलाई कक्षा शिक्षणका सन्दर्भमा प्रयोगमा ल्याउँदा कक्षा शिक्षण प्रभावकारी र उपलब्धिपूर्ण बनाउनका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

i. प्रत्येक समूहमा टोली नेताको चयन गर्ने,

ii. विषयवस्तु हेरी जान्ने, नजान्ने, छात्र, छात्रा, मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूलाई मिलाई समूह विभाजन गर्ने ,

iii. समूहको नेतृत्व गर्ने अवसर सबैलाई पालैपालो दिने ,

iv. निश्चित समयावधि तथा विषयवस्तु तोकिदिने ,

v. शिक्षकले विषयवस्तुका बारेमा विद्यार्थीहरूलाई जिज्ञासा जगाइ दिने,

vi. शिक्षकले विद्यार्थीका हरेक कार्यकलापहरू प्रत्यक्ष अनुगमन गर्ने,

vii. अन्तर्क्रियाबाट प्राप्त निष्कर्षहरूलाई शिक्षकले टिपोट गरिदिने ,

viii. शिक्षकले स्रोतव्यक्ति तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

माथि उल्लेखित पक्षहरूलाई मध्यनजर गरी कक्षाकोठामा अन्तर्क्रिया सञ्चालन गर्नुपर्दछ । यसरी अन्तर्क्रिया सञ्चालन गरेमा अन्तर्क्रियाका प्रभावकारितामा अभिवृद्धि हुन गई शिक्षण कार्यकलाप समेत उत्कृष्ट बन्न सक्दछ ।

## २.७ अन्तर्क्रियामा ध्यान दिनुपर्ने कुराहरू

अन्तर्क्रियात्मक विधिबाट कक्षा शिक्षण गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ :

i. विद्यार्थीहरूको अन्तर्क्रिया तोकिएको विषयवस्तुमा छ, छैन हेर्ने,
ii. कक्षाकोठामा जान्ने, नजान्ने, छात्र, छात्रा, पहिलो भाषी दोस्रो भाषी सबैको सहभागिता कस्तो छ पहिचान गर्ने ,
iii. शिक्षणीय उद्देश्यको क्रमसँग अन्तर्क्रियालाई लैजाने,
iv. विद्यार्थी- विद्यार्थी, शिक्षक र विद्यार्थी तथा शिक्षण सामग्री र विद्यार्थीका बिचमा अन्तर्क्रिया गराउने,
v. विद्यार्थी-विद्यार्थी, शिक्षक र विद्यार्थी बिच सुमधुर सम्बन्ध कायम गर्ने,

शिक्षकले कक्षाकोठामा अन्तर्क्रिया गराउँदा माथि उल्लेख गरिएका विषयमा ध्यान दिनु पर्दछ । उपयुर्क्त कुराहरूमा विचार पुऱ्याई सञ्चालन वगरिएको अन्तर्क्रिया बढी प्रभावकारी हुन्छ ।

## २.८ नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोजन

नेपाल एक बहुभाषिक मुलुक हो । यहाँका झन्डै ४९.६१ प्रतिशत मानिसहरूले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दछन् भने ७५ जिल्लाका अधिकांश मानिसले यस भाषलाई माध्यम भाषाका रूपमा प्रयोग गर्दछन् ( ढकाल : २०६७ : ३६ ) । हालसम्म नेपाली भाषा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग हुँदै आएको छ । औपचारिक शिक्षण सिकाइका सन्दर्भमा कक्षा १ देखि १२ सम्म र उच्च शिक्षाका विभिन्न तहमा अनिवार्य तथा ऐच्छिक विषयका रूपमा नेपाली विषय अध्ययन अध्यापन हुन्छ । यसरी अनिवार्य तथा ऐच्छिक रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरू विभिन्न भाषिक पृष्ठभूमिबाट आएका हुन्छन् । तीमध्ये केहीले नेपाली भाषा मातृ भााषाका रूपमा प्रयोग गरेका हुन्छन् भने कतिपयले दोस्रो भाषाका रूपमा नेपाली भाषालाई सिक्नु पर्ने हुन्छ । यसरी विभिन्न भाषिक समुदायबाट आएका विद्यार्थीहरूलाई स्तरीय तथा मानक नेपाली

सिकाउनु अत्यन्तै कठिनाईपूर्ण हुन्छ । यस कठिनाईलाई चुनौति दिँदै मानक नेपाली भाषा सिकाउनका लागि विभिन्न विधिहरूको विकास भएको छ । ती विधिहरूमध्ये अन्तर्क्रियात्मक विधि पनि एक उत्कृष्ट विधि मानिन्छ ।

नेपाली भाषा शिक्षणको क्रममा भाषिक सिप विकासका लागि शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थी, पहिलो भाषी तथा दोस्रो भाषी विद्यार्थीहरूका बिचमा प्रशस्त मात्रामा अन्तर्क्रिया गराउनु पर्दछ । विभिन्न भाषिक समुदायबाट आएका आएका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखी नेपाली भाषा शिक्षण गर्नु पूर्व विद्यार्थीको भाषिक क्षमता रुचि, मातृभाषा र लक्ष्य भाषा बिचको समानता तथा भिन्नता एवम् त्रुटि क्षेत्र पहिचान गर्नुपर्दछ । तब मात्र भाषा शिक्षण गर्न सहज हुन्छ । यसरी विद्यार्थीका विभिन्न अवस्था पत्ता लगाउनका लागि एकल तथा सामूहिक रूपमा अन्तर्क्रिया गराउनु पर्दछ । तब मात्र विद्यार्थीहरूका बारेमा वास्तविक सूचना प्राप्त गर्न सकिन्छ र ती सूचनाहरूलाई मुख्य आधार बनाउँदै शिक्षण कार्यकलाप गरिएको भाषा शिक्षण उद्देश्यमूलक तथा प्रभावकारी हुन्छ जसबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दछ ।

नि.मा.वि. तहमा खासगरी १० देखि १३ वर्षका विद्यार्थीहरू रहने गर्दछन् । यो तह विद्यालयको प्राथमिक तहको सिकाइ पूरा गरिसकेको र माध्यमिक तहको पृष्ठभूमि निर्माण गर्ने समय हो । यस तहका विद्यार्थीहरू आफ्ना विचार र भावनाहरू सजिलैसँग अरु समक्ष प्रस्तुत गर्न, कुनै विषयवस्तुमा आफ्नो दृष्टिकोण बनाई व्यक्त गर्न, आफ्ना जिज्ञासाहरूलाई व्यक्त गर्न, वादविवाद तथा वक्तृत्तामा भाग लिई तर्क राख्न, अरुका विचारहरूको खण्डन गर्न सक्षम हुन्छन् । यस तहका विद्यार्थीहरूमा शब्दभण्डारको क्षमता पनि केही हदसम्म वृद्धि हुन्छ भने व्याकरणका केही आधारभूत कुराहरूका बारेमा जानकारी प्राप्त गरेका हुन्छन् । त्यसकारण उनीहरूलाई विभिन्न विषय वस्तुहरूमा केन्द्रित गराई सामूहिक वा व्यक्तिगत रूपमा प्रश्नोत्तर तथा छलफलका माध्यमले अन्तर्क्रिया गराउनु पर्ने हुन्छ ।

यस तहका विद्यार्थीहरू यन्त्रवत रूपमा शिक्षकको प्रवचनलाई एकोहोरो रूपमा सुनिरहन रुचाउँदैनन् भने अर्कोतर्फ उनीहरूमा विषयवस्तुप्रति उत्सुकता जगाउन तार्किक क्षमता वृद्धि गर्न, बौद्धिक कसरत गर्न, नवीन रचना वा सृजना गर्न, सृजनशील तथा मौलिक क्षमता बृद्धि गर्न, रमाइलो वातावरण शिक्षण कार्यकलाप सञ्चालन गर्न पनि अन्तर्क्रियात्मक विधि प्रयोग महत्त्वपूर्ण मानिन्छ ।

# अध्याय तिन
# अध्ययन विधि

शोध एक वैज्ञानिक तथा वस्तुपरक कार्य हो । यसको निश्चित परिधि हुन्छ । सो परिधिभित्र रही कुनै विषयवस्तुका बारेमा नवीन तथ्यहरू उद्घाटन गर्नु शोधको उद्देश्य हो । शोधकार्यमा धारणा, सिद्धान्त, अथवा ज्ञानलाई यथार्थ, वस्तुपरक र वैज्ञानिक ढङ्गले संशोधन गर्दै निर्मल तुल्याइन्छ र प्रमाणित गरिन्छ । (**भट्टराई : २०६५ : ४०** ) । कुनै पनि शोध उद्देश्यमुखी बनाएर तयार पार्न वस्तुस्थितिको नजिक पुग्नुपर्ने हुन्छ । यसरी शोधलाई यथार्थपरक बनाई निश्चित उद्देश्य प्राप्तिका लागि शोधकर्ताले अध्ययन अनुसन्धानको क्रममा वैज्ञानिक पद्धतिको अबलम्वन नगरिएमा शोध भरपर्दो र विश्वसनीय हुँदैन । तसर्थ शोधकार्यलाई विश्वसनीय, तथ्यपरक बनाउन तथ्याङ्क संकलन विश्लेषण, तालिका प्रस्तुति जस्ता पक्षहरूलाई उपयुक्त  रूपमा समावेश गरेर शोध प्रतिवेदन तयार पार्नुपर्दछ । प्रस्तुत शोधकार्य पूरा गर्नका लागि पनि निम्न प्रक्रियाहरू अपनाइएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनोट

'निम्न माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन' शीर्षकको शोधपत्र तयार पार्न देशका विभिन्न क्षेत्रमा रहेका नि.मा.वि. तहका शिक्षक र विद्यार्थीहरूको कक्षा अवलोकन तथा अध्ययन गर्नु पर्ने हो तर प्रस्तुत शोधपत्रको पाठ्यभार, समयको सीमा आदिलाई ख्याल गरी यस शोधपत्रको क्षेत्र छनोट गरिएको छ ।

यस अध्ययनका लागि चितवन जिल्लाको रत्ननगर नगरपालिका भित्र रहेका निजी तथा सरकारी विद्यालयहरूको नमूनाका रूपमा उक्त क्षेत्रका एक निजी विद्यालय र एक सरकारी विद्यालयको छनोट गरिएको छ जुन स्काइराइडर आ.मा.वि. र नेपाल उच्च मा.वि. छन् ।

शिक्षक विद्यार्थी अन्तर्क्रियाका बारेमा देशका विभिन्न क्षेत्रमा केही मात्रामा अध्ययन भएता पनि यस क्षेत्रमा शिक्षक विद्यार्थी अन्तर्क्रियाका बारेमा हालसम्म पनि कुनै प्रकारको अध्ययन नभएकोले प्रस्तुत क्षेत्र छनोट गरिएको हो । नेपाली भाषा शिक्षकका सन्दर्भमा निम्न माध्यमिक तहमा गरिने अन्तर्क्रिया तथा कक्षा कार्यकलापहरूको उपयुक्तता तथा त्यसको

प्रभावकारिताका तथा प्रयोगको वास्तविक अवस्थाका बारेमा थाहा पाउन र आवश्यक सुधार तथा सुझाव दिने उद्देश्यका साथ सो क्षेत्र छनोट गरिएको छ ।

### ३.२ जनसङ्ख्या

प्रस्तुत शोधपत्र तयार पार्नको लागि चितवन जिल्ला अन्तर्गतको रत्ननगर नगरपालिका भित्र रहेका निजी र सरकारी विद्यालय र त्यसमा अध्ययन अध्यापनमा लागेका  शिक्षक र विद्यार्थीलाई जसङ्ख्याका  रूपमा लिइएको छ । उक्त विद्यालयको नि.मा.वि. तहमा नेपाली भाषा र शिक्षण गर्ने शिक्षक र अध्ययनरत विद्यार्थीहरूको कक्षा अवलोकन प्रश्नावली र अन्तर्क्रियाबाट प्राप्त तथ्याङ्कबाट प्राप्त तथ्यका आधारमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

### ३.३ प्रतिनिधि नमुना छनोट

अनुसन्धान कार्यमा नमुना छनोटको विशेष महत्त्व हुन्छ । अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याको अध्ययन सम्भव र व्यवहारिक हुँदैन (भट्टराईः २०६५:४६) । त्यसकारण अनुसन्धान पूर्व तोकिएको जनसङ्ख्याबाट प्रतिनधि नमुना छनोट गर्नुपर्ने हुन्छ । यसै क्रममा यस शोधपत्र तयारीका सन्दर्भमा चितवन जिल्लाको रत्ननगर नगरपालिका भित्रका तल उल्लेख गरिएका निम्न विद्यालयका शिक्षक शिक्षिकालाई नमुनाप्र तिनधिका रूपमा छनोट गरिएको छ । साथै यी विद्यालयमा रहेका विद्यार्थी विवरण पनि तल उल्लेख गरिएको छ ।

**तालिका सङ्ख्या ३.१**

**नमुनाका  रूपमा छानिएका शिक्षक र विद्यालयको विवरण**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम | विद्यालयको प्रकृति | शिक्षकको अनुभव |
|---|---|---|---|---|---|
| १ | स्काइराइडर आ.मा.वि. | र.न.पा-१२ | धनराज सिलवाल | निजी | ८ वर्ष |
| २ | स्काइराइडर आ.मा.वि. | र.न.पा-१२ | बबिता खनाल | निजी | २ वर्ष |
| ३ | नेपाल मा.वि | र.न.पा-२ | गोमा शर्मा | सरकारी | १३ वर्ष |
| ४ | नेपाल मा.वि | र.न.पा-२ | हरिविलास पौडेल | सरकारी | १४ वर्ष |

**तालिका सङ्ख्या ३.२**

**नमुना छनोट गरी अवलोकन गरिएका कक्षा र विद्यार्थी विवरण**

| विद्यालयको नाम | कक्षा | वर्ग | वि.श्रे. | प्र.श्रे. | द्वि.श्रे. | तृ.श्रे | प.भा. | दो.भा. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १) स्काइराइडर आ.मा.वि. | ८ | क | २० | १५ | ५ | - | ३२ | ८ | ४० |
| | ७ | ख | १५ | २१ | ४ | २ | ३३ | ९ | ४२ |
| | ६ | ग | २ | २० | ५ | ८ | ४० | २२ | ६२ |
| २) नेपाल मा.वि | ८ | क | २ | २० | २५ | १५ | ४० | २३ | ६२ |
| | ७ | क | ३ | २५ | ३० | १० | ४३ | २५ | ६८ |
| | ६ | ख | २ | १५ | ३० | १० | ३५ | २५ | ५७ |

## ३.४ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयारीका क्रममा आवश्यक तथ्यहरू सङ्कलन गर्नका लागि कक्षा अवलोकन फारम, विद्यार्थीहरूसँग अन्तर्वाताका लागि प्रश्नावली तथा शिक्षक प्रश्नावली तयार पारी सामग्री सङ्कलन गरिएको छ । यसमा प्रयोग गरिएका सामग्रीको विवरण परिशिष्टमा दिइएको छ ।

माथि उल्लेखित कक्षा अवलोकन फारम सम्बन्धित कक्षा कोठामा गई कक्षा अवलोकनबाट भराइयो । आफ्नै उपस्थितिमा शिक्षक र विद्यार्थी प्रश्नावली पनि सम्बन्धित शिक्षक तथा प्रत्येक कक्षामा पाँचजना विद्यार्थीहरूलाई भर्न लगाइयो ।

## ३.५ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन गर्ने क्रममा दुई तरिकाबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

चितवन जिल्ला, रत्ननगर नगरपालिकाभित्र रहेका निजी तथा सरकारी विद्यालयमध्येबाट नमुना प्रतिनधिका रूपमा छनोट गरिएको विद्यालयहरूको स्थलगत रूपमा कक्षा अवलोकन गरिएको थियो । नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको विभिन्न कक्षाहरू अवलोकन गरी अवलोकन फारम भरिएको थियो । छुट्टाछुट्टै

समयमा उक्त तहका दुई विद्यालयका विभिन्न कक्षाहरूमा लगातार दशवटा कक्षाहरूको अवलोकन गरिएको छ । प्रस्तुत शोधपत्र तयारीको लागि तथ्याङ्क सङ्कलन गर्न भनी नि. मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू तथा केही विद्यार्थीहरूसँग कुराकानी गरी प्रश्नावली भर्न लगाइएको छ। यस किसिमको प्रश्नावली चार जना शिक्षकहरूलाई एक एक प्रश्नावली भर्न लगाइएको थियो भने प्रत्येक कक्षाबाट पाँच-पाँच जना विद्यार्थीहरूलाई प्रश्नावली भर्न लगाइएको थियो । यसरी कक्षा अवलोकनका लागि तयार पारिएको फारम तथा शिक्षक विद्यार्थी प्रश्नावली कक्षा कोठामा शिक्षक विद्यार्थी अन्तर्क्रियाका विषयमा केन्द्रित भएको थियो ।

### ३.५.२ द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा पुस्तकालयमा रहेका विभिन्न पुस्तकहरू पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा ६, ७ र ८ का नेपाली विषयको पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका विभिन्न पत्रपत्तीका तथा विज्ञहरूको सल्लाह र सुझावहरू तथा विभिन्न शोधपत्रहरूलाई लिइएको छ ।

## ३.६ तथ्याङ्को व्याख्या र विश्लेषण

कक्षा अवलोकन फारम र शिक्षक विद्यार्थी प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई विस्तृत अध्ययन गरी त्यसमा रेजा लगाइएको थियो । सोही रेजा चिन्हका आधारमा शिक्षक विद्यार्थी अन्तर्क्रिया सम्बन्धी व्याख्या एवम् विश्लेषण गरिएको छ । यसको व्याख्या र विश्लेषण अध्याय चार र पाँचमा दिइएको छ ।

# अध्याय चार

# अवलोकनको व्याख्या तथा विश्लेषण

नि.मा.वि. तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययनका क्रममा ठोस निष्कर्षमा पुगी शोध कार्यलाई उद्देश्यमुखी तथा परिणाममुखी बनाउनका लागि कक्षा अवलोकन फारम, शिक्षक प्रश्नावली र विद्यार्थी प्रश्नावली प्रयोग गरिएको थियो । उक्त स्रोतबाट प्राप्त तथ्याङ्कलाई यस अध्ययनमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१ कक्षा अवलोकनबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या

तथ्य सङ्कलनका लागि चितवन जिल्लाको पूर्वी क्षेत्रमा पर्ने रत्ननगर नगरपालिका अन्तर्गतका विद्यालयहरूलाई छनोट गरिएको छ । उक्त क्षत्रेमा पर्ने एक निजी र एक सरकारी विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने दुई दुई जना गरी जम्मा चार जना नेपाली शिक्षकहरूको कक्षा ६,७ र ८ गरी दश-दश कक्षाका जम्मा चालिस वटा कक्षाको कक्षा अवलोकन गरिएको छ । शोध उद्देश्यसँग मेल खाने छुट्टा छुट्टै शीर्षक राखेर तयार पारिएको सो अवलोकन फारमबाट प्राप्त तथ्यहरूलाई यहाँ क्रमशः शीर्षक अनुसार व्याख्या एवम् विश्लेषण गरिन्छ ।

### ४.१.१ कक्षा प्रारम्भ

कक्षा शिक्षणको थालनीको अवस्थालाई कक्षा प्रारम्भ भनिन्छ । शिक्षक कक्षाकोठामा प्रवेश गरेपछि विभिन्न अवस्थामा रहेका विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु पर्दछ । शिक्षक कक्षामा प्रवेश गर्नुपूर्व सो दिन शिक्षण गर्ने विषयवस्तुका बारेमा तयारी गर्नु पर्दछ । अघिल्लो दिनमा शिक्षण गरिएको पूर्वपाठको स्मरणका लागि पुनरावृत्ति गराउनु उपयुक्त मानिन्छ । नयाँ पाठ शीर्षकको थालनी गर्दा सो विषयवस्तु तथा शीर्षकको सन्दर्भ बताएर कक्षा प्रारम्भ गर्नु पर्दछ । यसरी शिक्षण गर्दा शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति रुचि जगाएर कक्षा शिक्षण गराउनु पर्दछ । जसले गर्दा विद्यार्थीहरूले सजिलै सिक्ने सक्दछन् र सिकाइ दीर्घकालीन हुन पुग्दछ । त्यसका लागि शिक्षक शिक्षण सिकाइको उद्देश्यप्रति स्पष्ट हुनुपर्दछ र सिकाइ कार्यकलाप पनि उद्देश्य प्राप्तिका लागि लक्षित हुनुपर्दछ ।

उपयुर्क्त सन्दर्भमा अध्ययन गर्दा चालिस वटा कक्षा अवलोकनका क्रममा प्राप्त विवरणलाई प्रतिशतमा देखाइएको छ ।

**तालिका सङ्ख्या ४.१**

**कक्षा प्रारम्भ विवरण**

| क.सं. | कक्षा कार्यकलापहरू | अतिउत्तम | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|---|
| १ | पूर्वपाठमा आधारित | ७।५० | १५।०० | ४७।५० | ३०।०० |
| २ | पाठप्रति विद्यार्थीको रुचि | ५।०० | १२।५० | ३७।५० | ४५।०० |
| ३ | पाठको सन्दर्भ ल्याएर सुरु गर्ने | ७।५० | २०।०० | ४५।०० | २७।५० |
| ४ | पाठको तयारी | २०।०० | २५।०० | ४२।५० | १२।५० |
| ५ | शिक्षण उद्देश्यको स्पष्टता | १२।५० | ३२।५० | ५०।०० | ५।०० |

माथिको तालिका अनुसार नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने सन्दर्भमा तालिम प्राप्त शिक्षकहरूको कक्षा कार्यकलाप तुलनात्मक रूपमा तालिम अप्राप्त शिक्षकहरूको भन्दा राम्रो देखियो । अवलोकन गरिएका जम्मा कक्षाहरू मध्ये पूर्व पाठमा आधारित रहेर शिक्षण कार्यकलाप सञ्चालन गर्ने कक्षाहरूमा, ७.५ प्रतिशत कक्षाहरू अतिउत्तम देखिए भने १५ प्रतिशत कक्षाहरू अघिल्लो दिनको पाठको साराशं बताएर नयाँ पाठको थालनी गरेको पाइयो । भने ४७.५ प्रतिशत कक्षाक्षहरूमा शिक्षकले अघिल्लो दिनको शीर्षक भनेर मात्र नयाँ पाठको थालनी गरिएको छ । जहाँ अघिल्लो दिनको पाठसँग सम्बन्धित कुनै पनि प्रश्न सोधिएन र व्याख्या पनि गरिएन । यसरी नै ३० प्रतिशत कक्षाकहरूमा भने शिक्षकले अघिल्लो दिनको पाठशीर्षकसँग कुनै सरोकार नै नराखी एकैचोटी नयाँ शीर्षक वा आजको विषयवस्तुमा प्रवेश गरेको पाइयो । यसरी कक्षा शिक्षणका सन्दर्भमा शिक्षकले आजको विषयवस्तुको थालनीपूर्व पाठको बारेमा सामान्य चर्चा वा विद्यार्थीलाई प्रश्न सोधेमा कक्षाशिक्षण अझ प्रभावकारी हुने थियो । त्यसैगरी जम्मा ५ प्रतिशत शिक्षकहरू विषयवस्तुप्रतिको विद्यार्थीहरूको रुचि जागरणका दृष्टिले अतिउत्तम रहेको पाइयो भने १२.५० प्रतिशत कक्षाहरू उत्तम खालका ३७ प्रतिशत कक्षाहरूमा

शिक्षकले सामान्य रूपमा विद्यार्थीहरूलाई विषयवस्तुप्रति रुचि जागृत गराउँदै शिक्षण गरेको पाइयो तर ४५ प्रतिशत कक्षाहरूमा विद्यार्थीको रुचिप्रति बेवास्ता गरिएको तथा एकोहोरो एवम् निरसरूपमा शिक्षण गरेको पाइयो । जस्तै ७.५ प्रतिशत कक्षाहरूमा शिक्षकले अत्यन्तै उत्कृष्ट ढङ्गले पाठको सन्दर्भको चर्चा गरी पाठको थालनी गरे भने पाठका सन्दर्भका दृष्टिले २० प्रतिशत कक्षाहरू उत्तम ठहरिए भने ४५ प्रतिशत कक्षा मध्यम खालका र २७.५ प्रतिशत कक्षाहरू निम्न बमोजिमका रहेका छन् । ५० प्रतिशत कक्षाहरूमा शिक्षकहरू शिक्षण सिकाइको उद्देश्यप्रति स्पष्ट रहेको र उद्देश्य अनुरूप शिक्षण कार्यकलाप सञ्चालन भएका छन्  र ५ प्रतिशत कक्षाहरू उद्देश्य अनुरूप शिक्षण कार्यकलापहरू नभएको देखियो ।

### ४.१.२ **शैक्षिक सामग्रीहरू**

शिक्षण सिकाइ कार्यकलापलाई उद्देश्यमूलक तथा प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक सामग्रीले सिकाइलाई सरल र सहज बनाउनुका साथै दीर्घकालीन बनाउँछ । (**शर्मा एण्ड शर्मा, २०६७**) शिक्षण सामग्रीको उचित प्रयोगले सिकाइ रुचिपूर्ण समेत बन्न पुग्दछ । चार्ट, पत्रपत्तीका, तस्वीर, चित्र, फ्लाटिन वोर्ड, शब्दपत्ति, अर्थपत्ती, वाक्यपत्ती,  आदिलाई शिक्षण सामग्रीका  रूपमा प्रयोग गर्न सकिन्छ ।

यस शोधपत्र तयारीका सन्दर्भमा आवश्यक तथ्याङ्क सङ्कलनका लागि अवलोकन गरिएका कक्षाहरूमा प्रयोग भएको शैक्षिक सामग्रीहरूको स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको  छ ।

**तालिका सङ्ख्या ४.२**

**शैक्षिक सामग्री प्रयोगको अवस्था**

| क्र.सं. | शैक्षिक सामग्रीहरू | अतिउत्तम | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|---|
| १ | दैनिक प्रयोगका सामग्रीहरू | २०।०० | २५।०० | ३०।०० | २५।०० |
| २ | चित्र | २।८५ | १२।७५ | १०।०० | ७५।०० |
| ३ | शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती | - | १२।५० | १५।०० | ७२।५० |
| ४ | फलाटिन बोर्ड | ७।५० | १२।५० | १२।५० | ६७।१५ |
| ५ | गोजी तालिका | - | ५।०० | १५।०० | ८०।०० |

सामान्यत : शैक्षिक सामग्रीका रूपमा दैनिक प्रयोगका सामग्रीहरू प्रायः सबै कक्षाहरूमा सबै शिक्षकहरूले प्रयोग गरेको पाइयो । यसमा चक, डस्टर, कालोपाटी जस्ता सामग्रीहरू पर्दछन् । यसमा पनि २५ प्रतिशत कक्षाहरूमा दैनिक प्रयोगका सामग्रीहरूको प्रयोग न्यून रहेको पाइयो । विशेष गरी शिक्षाशास्त्र सङ्कायको पृष्ठभूमिबाट आएका र तालिमप्राप्त शिक्षकहरूले दैनिक प्रयोगका सामग्रीहरू उपयुक्त किसिमले प्रयोग गरेको पाइयो भने अन्य शिक्षकहरूको कक्षामा यसको प्रयोग अवस्था कमजोर रहेको पाइयो । चित्रले सिकाइलाई सहज बनाउनका साथै विषयवस्तुप्रतिको धारणालाई स्पष्ट पार्दछ । तर शिक्षण सिकाइका सन्दर्भमा हेर्दा २.८५ प्रतिशत कक्षाहरूमा मात्र चित्रहरूको प्रभावकारी ढङ्गले प्रयोग गरिएको पाइयो । जहाँ विभिन्न सन्दर्भगत पाठ अनुसारका चित्रहरूलाई प्रदर्शन गरिएको पाइयो । शिक्षकहरूले विद्यार्थीलाई चित्र बनाउन लगाएर देखाएको पनि तर अधिकाशं कक्षाहरूमा चित्रहरूको प्रभावकारी प्रयोग भएको भने पाइएन । पुस्तकमै भएका चित्रहरूलाई पनि समय सापेक्ष प्रयोग गरेमा अर्थपूर्ण तथा प्रभावकारी बन्न सक्दथ्यो तर ती पुस्तकमा रहेका चित्रहरूको पनि उपयुक्त प्रयोग नभएको पाइयो । कतिपय विद्यालय मै उपलब्ध चित्रहरूको प्रयोगमा पनि ध्यान नदिएको पाइयो । यस्ता चित्रहरूलाई पनि फलाटिन वोर्डको सहायताले देखाएको भए अझ प्रभावकारी हुनसक्दथ्यो तर त्यसतर्फ पनि खासै ध्यान नपुगेको पाइयो । शब्दपत्ती, अर्थपत्ती तथा वाक्यपत्तीको पनि प्रभावकारी भाषा शिक्षणको महत्त्वपूर्ण पक्ष मानिन्छन् तर कक्षा शिक्षणमा पनि यसको प्रयोग अवस्था असाध्यै

कमजोर देखियो र केही सीमित कक्षाहरूमा शब्दपत्ती र अर्थपत्तीको प्रयोग गरिए पनि गोजीतालिकाको प्रयोग भने पाइएन ।

नि.मा.वि. तहमा नेपाली भाषा शिक्षणका सन्दर्भमा शिक्षण सामग्रीहरूलाई बढी भन्दा बढी प्रयोग गर्नुपर्ने देखिन्छ । पाठ्यपुस्तकका चित्रहरू मात्र नभई अन्य स्रोतहरूबाट पनि चित्रहरू खोजी कक्षामा प्रयोग गरेमा शिक्षण अझै प्रभावकारी हुने थियो भने यसरी प्रयोग गरिएका सामग्रीहरूलाई सुरक्षित राख्न सके आगामी वर्षहरूमा पनि प्रयोग गर्न सकिने र पूनः निर्माण गर्नुपर्ने झन्झटबाट समेत छुटकरा मिल्ने देखिन्छ ।

### ४.१.३ शिक्षण विधि

शिक्षकले शिक्षण सिकाइका सन्दर्भमा अपनाउने विभिन्न तरिका नै शिक्षण विधि हो, ( **शर्मा एण्ड शर्मा , २०६४ :४०** ) । शिक्षकले शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा विभिन्न शिक्षण विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । पाठको प्रकृति, विद्यार्थीको रुचि, कक्षाकोठाको प्रकृति, उपलब्ध स्रोत र सामग्रीको अवस्था अनुसार फरक फरक किसिमका शिक्षण विधिहरूको प्रयोग गर्नुपर्दछ । उपयुक्त शिक्षण विधिको प्रयोगले नै प्रभावकारी शिक्षण कार्यकलाप हुन सक्दछ र सजिलै उद्देश्य प्राप्ति गर्न सकिन्छ । अवलोकन गरिएका कक्षाहरूमा प्रयोग भएका शिक्षण विधिहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका सङ्ख्या ४.३**

**शिक्षण विधिहरू**

| क.सं. | शिक्षण विधि | अतिउत्तम | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|---|
| १ | प्रवचन/ व्याख्यान | २५।०० | ३०।०० | २५।०० | २०।०० |
| २ | छलफल | २०।०० | २७।५० | २७।५० | २५।०० |
| ३ | प्रश्नोत्तर | १७।५० | ३०।०० | २७।५० | २५।५० |
| ४ | समस्या समाधान | २०।०० | ४०।०० | ३७।५० | १०।०० |
| ५ | अभ्यास | १२।५० | २१।०० | ४१।५० | २५।०० |
| ६ | भूमिका निर्वाह | ( | ( | २५।०० | ७५।०० |
| ७ | प्रदर्शन | ( | १२।५० | २०।५० | ६७।०० |

माथिको तालिकामा उल्लेख गरिएका शिक्षण विधिहरू कक्षाकोठामा प्रायः प्रयोग गरिएका विधिहरू हुन् । सोही कुरालाई आधार बनाएर उपर्युक्त शिक्षण विधिहरू टिपोट गरिएको थियो । यस तालिका अनुसार  प्रायः जसो परम्परागत शिक्षण विधिहरूलाई नै शिक्षण सिकाइमा प्रयोग गरिएको पाइयो । त्यसमा पनि प्रवचन विधिको प्रयोगमा अधिक जोड दिइएको पाइन्छ र शिक्षकहरू पनि कक्षाकोठमा गएर प्रवचन दिनमा बढी क्रियाशील र निपूर्ण रहेको पाइयो । यसरी प्रवचन तथा व्याख्यान विधिको प्रयोग गर्दा विद्यार्थीहरूको प्रतिभा तथा अर्नतिर्नहित क्षमताको विकासमा अवरोध उत्पन्न हुन्छ । व्याख्यानका क्रममा शिक्षकले बोलेका कतिपय शब्द तथा वाक्यको अर्थसम्म पनि बुझ्न नसकी विद्यार्थीहरूमा थप अन्यौल सिर्जना हुन्छ । नि.मा.वि. तहको विद्यार्थीहरूको मनोविज्ञानलाई समेत दृष्टिगत गर्दा उनीहरू बढी मात्रामा लजालु स्वभावका हुने र नबुझेको कुरा सोध्न हिचकिचाउने स्वभावका हुन्छन् । जसबाट विद्यार्थीहरू विषयवस्तुका बारेमा स्पष्ट हुन सक्दैनन् ।

कक्षा शिक्षणका सन्दर्भमा केही कक्षाहरूमा व्याख्यान तथा प्रश्नोत्तर विधिलाई सँगसँगै अगाडि लगेको पाइन्छ । जसले शिक्षक र विद्यार्थी  बिचको अन्तर्क्रियालाई सघाएको पाइन्छ । यसरी अन्तर्क्रियात्मक विधिका  रूपमा छलफल, प्रश्नोत्तर र अभ्यास विधिलाई प्रयोग गरेको पाइन्छ । यस्ता विधिहरूले शिक्षकका साथ साथै विद्यार्थीहरूलाई पनि शिक्षण सिकाइ कार्यकलापमा सक्रिय बनाउँछ ।

भूमिका निर्वाह विधि, समस्या समाधान विधि, अभ्यास विधि र प्रदर्शन विधिहरूको प्रयोगको अवस्था न्यून देखिन्छ । फाटफुट  रूपमा यी विधिहरू प्रयोग गर्ने कोसिस गरिए पनि यी विधिहरूलाई प्रभावकारी  रूपमा कक्षाकोठामा प्रयोग गर्न नसकिएको पाइन्छ । जसले गर्दा शिक्षकहरूका निम्ति आवश्यक तालिम तथा कार्यशाला गोष्ठीहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । र विद्यार्थीहरूलाई पनि तल्ला कक्षाहरू देखि नै यस्ता विधिहरूमा अभ्यस्त बनाउनु पर्दछ । शिक्षकले शिक्षण कार्यकलाप सञ्चालन गर्दा परम्परागत विधिभन्दा अन्तर्क्रियात्मक विधिको प्रयोग गरी विद्यार्थीहरूलाई सिकाइ कार्यकलापहरूमा सहभागी गराउनु पर्दछ ।

### ४.१.४ शिक्षक विद्यार्थी सहभागी समयको बाँडफाँड

शिक्षण सिकाइ कार्यकलापमा शिक्षक र विद्यार्थी दुवैको संलग्नता हुन्छ । शिक्षक र विद्यार्थी कार्यकलापको समष्टिगत रूप नै कक्षा कार्यकलाप हो । कक्षा कार्यकलापमा शिक्षक र विद्यार्थीहरू के कति समय अन्तर्क्रियामा सहभागी भए वा शिक्षक तथा विद्यार्थीहरू कक्षाकोठामा के कति समय बोले ? भन्ने बारेमा गरिएको अध्ययनबाट प्राप्त तथ्यलाई प्रतिशतमा तल देखाइएको छ :

**तालिका सङ्ख्या ४.४**

**शिक्षक सक्रियताको समय**

| **क्र.सं.** | **शिक्षकले गरेको कार्यकलाप** | **समय प्रतिशतमा ( ४५ मिनेटलाई )** |
|---|---|---|
| १ | शिक्षकले गरेको कार्यकलाप | ७२ |
| २ | पाठ्यवस्तु पढाउँदा लागेको समय | ५६ |
| ३ | गृहकार्य गर्दा लागेको समय | १० |
| ४ | गृहकार्य दिँदा लागेको समय | ६ |

**तालिका सङ्ख्या ४.५**

**विद्यार्थी सहभागिताको समय**

| क्र.सं. | विद्यार्थी सहभागिताको समय | प्रतिशत ( ४५ मिनेटलाई ) |
|---|---|---|
| १ | विद्यार्थीले बोलेको समय | २८ |
| २ | जान्ने विद्यार्थीले लिएको समय | १७ |
| ३ | कमेजार विद्यार्थीले लिएको समय | ११ |
| ४ | छात्र विद्यार्थीले लिएको समय | १८ |
| ५ | छात्रा विद्यार्थीले लिएको समय | १० |

शिक्षक विद्यार्थी सहभागी समयको बाँडफाँडको सन्दर्भमा माथिको तालिकालाई हेर्दा कक्षाकोठामा शिक्षणको क्रममा प्रयुक्त समयको ७२ प्रतिशत समय शिक्षकले खर्चने गर्दछन् । उक्त समय मध्ये ५६ प्रतिशत समय पाठ्यवस्तु पढाउँदा खर्च गर्दछन् भने १० प्रतिशत समय गृहकार्य हेर्दा लाग्दछ । औषत ६ प्रतिशत समय गृहकार्य दिँदा खर्च गरेको तथ्य अवलोकनबाट प्राप्त भएको थियो । विद्यार्थीहरूले कूल समयको २८ प्रतिशत समय प्रयोग गरेको पाइन्छ जुन समय मध्येको १७ प्रतिशत समय जान्ने विद्यार्थीले मात्र प्रयोग गरेको पाइन्छ । कमजोर विद्यार्थीले जम्मा ११ प्रतिशत समय प्रयोग गरेको पाइन्छ । त्यो मध्ये पनि छात्रहरूले १८ प्रतिशत समय खर्च गर्दछन् । १० प्रतिशत समय मात्र छात्राहरूले प्रयोग गरेको पाइन्छ ।

समग्रमा कक्षा शिक्षणमा शिक्षकले बढी समय लिएको पाइन्छ । शिक्षकले बोल्ने समयको आधा समय भन्दा पनि कम समय विद्यार्थीले बोल्ने अवसर पाएको देखिन्छ । विद्यार्थीमा पनि कक्षामा जान्ने र छात्र विद्यार्थीले मात्र धेरै समय बोल्ने अवसर पाएका छन् । यसको कारणले शिक्षकले प्रश्न र अन्तर्क्रिया गर्दा जान्नेलाई मात्र नभई कमजोर छात्र, छात्रा अगाडि, बिच र पछाडि बस्नेहरूलाई समान रूपमा सहभागी गराएमा शिक्षण अझै प्रभावकारी हुने देखिन्छ ।

### ४.१.५ शिक्षक विद्यार्थी सक्रियताको प्रकृति

कक्षाकोठामा शिक्षक र विद्यार्थीहरूको प्रत्यक्ष संलग्नता हुन्छ । उनीहरूका कार्यकलापहरू पनि शिक्षण कार्यकलापभित्र पर्दछन् । शिक्षक र विद्यार्थीहरूको कार्यकलापको समन्वय बाटै शिक्षण कार्यकलाप प्रभावकारी बन्दछ । कक्षाकोठामा शिक्षकले विद्यार्थीहरूको मनोविज्ञान, विषयको प्रकृति, आदिलाई मध्यनजर गर्दै शिक्षण गर्नु पर्दछ । पूर्व पाठको स्मरण, पुनरावृत्ति, विद्यार्थीको रुचि जागरण, विद्यार्थीहरूलाई समय समयमा प्रश्न सोध्ने र मूल्याङ्कन तथा गृहकार्यजस्ता पक्षहरूको समन्वय गरेर शिक्षण कार्यकलापमा विद्यार्थीलाई सहभागी बनाउनु पर्दछ । विद्यार्थीहरूले पनि नबुझेका कुराहरू आफ्नो समयमा सोध्ने, प्रश्न गर्ने जस्ता कार्यकलापहरू गर्नु पर्दछ । गृहकार्य समयमा गर्ने तथा बुझाउने गर्नुपर्दछ । यसलाई नै यहाँ शिक्षक विद्यार्थी सक्रियताको प्रकृति मानिएको हो । यसका आधारमा कक्षा अवलोकनका क्रममा प्राप्त तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.६**

**शिक्षक विद्यार्थी सक्रियताको प्रकृति**

| क.सं. | शिक्षक विद्यार्थी सक्रियता | अतिउत्तम | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|---|
| १ | शिक्षकको सक्रियता | २२। ५० | ३२। ५० | ४५। ०० | २५। ०० |
| २ | विद्यार्थीको सक्रियता | १७। ५० | २५। ५० | ३७। ५० | ४५।५० |

माथिको तालिका अनुसार २२.५० प्रतिशत कक्षाहरूमा शिक्षकको सक्रियता अतिउत्तम देखिन्छ । ३२.५० प्रतिशत कक्षाहरू उत्तम कोटिका र ४५.०० प्रतिशत कक्षाहरू मध्यम खालका छन् भने २५.०० प्रतिशत कक्षाहरू शिक्षक सक्रियताका दृष्टिले असाध्यै न्यून स्तरको देखिन्छ । त्यस्तै गरी विद्यार्थीहरूको सक्रियताको पक्षलाई आधार मान्दा कूल कक्षाको १७.५० प्रतिशत कक्षाहरू अति  उपयुक्त छन् भने २५.५० प्रतिशत कक्षाहरू उत्तम छन् र ४५.५० प्रतिशत कक्षाहरूमा विद्यार्थीहरू असाध्यै निष्क्रिय रहेको देखिन्छ । ती कक्षाहरूमा विद्यार्थीहरू दर्शक र कुशल श्रोताको मात्र भूमिका निार्वाह गरेका र कुनै विषयवस्तुमा पनि कुनै प्रकारको प्रतिक्रिया पाइएन ।

### ४.१.६ कक्षाकोठामा अन्तर्क्रियाको अवस्था

यस अध्ययनको प्रमुख उद्देश्य नै कक्षाकोठामा शिक्षक विद्यार्थीहरूको अन्तर्क्रियाको अध्ययन गर्नु हो । कक्षाकोठमा शिक्षण सिकाइ कार्यकलापको सन्दर्भमा के कति अन्तर्क्रिया भए भन्ने विषयमा केन्द्रित रहेर यस शीर्षकमा चर्चा गरिन्छ ।

शिक्षण द्विपक्षीय प्रक्रिया हो । यसमा शिक्षक र विद्यार्थी विषयवस्तुमा केन्द्रित रहेर एकोहोरो प्रवचन दिन्छन् यसलाई एकोहोरो अन्तर्क्रिया भनिन्छ, (**शर्मा एण्ड शर्मा, २०६७ :** ४२) । यदि कक्षामा शिक्षकले छात्र छात्राका बिचमा, जान्ने जान्नेका बिचमा, नजान्ने नजान्नेका बिचमा पहिलो भाषाका रूपमा नेपाली सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली सिक्नेका बिचमा छलफल, प्रश्नोत्तर, आदि गराउँदछन् भने त्यसलाई दोहोरो अन्तर्क्रियाका रूपमा लिइन्छ । यसैका सापेक्षतामा रहेर अवलोकन गरिएका ४० वटा कक्षाका प्राप्त विवरणलाई तल प्रतिशतमा देखाइएको छ :

**तालिका सङ्ख्या : ४.७**

**कक्षाकोठामा अन्तर्क्रियाको अवस्था अध्ययन**

| **क.सं.** | **अन्तर्क्रियाको प्रवृत्ति** | **कक्षा सङ्ख्या** | **कक्षा सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | एकोहोरो अन्तर्क्रिया | २९ | ७२.५० | |
| २ | दोहोरो अन्तर्क्रिया | ११ | २७.५० | |
| ३ | शैक्षिक सामग्री र विद्यार्थी अन्तर्क्रिया | ३ | ७.५० | |
| ४ | शिक्षक र विद्यार्थी अन्तर्क्रिया | ७ | १७।५० | |
| ५ | जान्ने जान्ने विद्यार्थी बिचको अन्तर्क्रिया | ६ | १५।०० | |
| ६ | जान्ने र नजान्ने बिचको अन्तर्क्रिया | २ | ५।०० | |
| ७ | छात्र र छात्रा बिचको अन्तर्क्रिया | ४ | १०।०० | |
| ८ | पहिलो भाषी र दोस्रो भाषी बिचको अन्तर्क्रिया | १ | २।५० | |
| ९ | नजान्ने नजान्ने बिचको अन्तर्क्रिया | १ | २।५० | |

माथिको तालिका अनुसार अवलोकन गरिएका ४० वटा कक्षाहरू मध्ये २९ वटा कक्षा अर्थात ७२.५० प्रतिशत कक्षाहरूमा एकोहोरो अन्तर्क्रिया गरेको पाइयो । ती कक्षाहरूमा

शिक्षक प्रवेश गरेपश्चात् कक्षा शिक्षणको पूरै समय शिक्षकले एकोहोरो रूपमा पाठ्यपुस्तकककको व्याख्या गरेर बिताएको पाइयो । यसरी शिक्षण गर्ने क्रममा शिक्षकले कुनै पनि विद्यार्थीलाई प्रश्न पनि सोधेनन् र विद्यार्थी विद्यार्थीका बिचमा छलफल पनि गराएनन् । विद्यार्थीहरू कुशल श्रोता बने भने शिक्षकले निरन्तर प्रवचन दिए र आफै सक्रिय बनेको पाइयो । यसै गरी कूल अवलोकन गरिएको कक्षा मध्ये ११ वटा कक्षा अर्थात् २७.५० प्रतिशत कक्षाहरूमा दोहोरो अन्तर्क्रियाका माध्यमबाट शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गरिएको पाइयो ।

यसरी दोहोरो अन्तर्क्रियाका माध्यमले शिक्षण कार्यकलाप गरिएका कक्षाहरूमध्ये तिनवटा कक्षा अर्थात् कूल अवलोकन गरिएको कक्षाहरूको ७.५० प्रतिशत कक्षाहरूमा शैक्षिक सामग्री र विद्यार्थीहरूका बिचमा अर्न्तक्रिया भएको पाइयो । ती कक्षाहरूमा विभिन्न चित्र, फोटोहरू देखाएर तिनीहरूले प्रस्तुत गर्न खोजेको विषय, चित्रले दिने सन्देश के हो ? जस्ता प्रश्नहरू सोधी तिनको बारेमा अर्थ भन्न विद्यार्थीहरूलाई प्रोत्साहित गरेको पाइयो । त्यसै गरी शब्दपत्तीहरू देखाएर अर्थ भन्न विद्यार्थीहरूलाई प्रोत्साहित गरेको पाइयो र त्यसको उत्तर ठीक छ वा छैन भनी पुन : विद्यार्थीलाई नै सोधी अन्त्यमा शिक्षकले जवाफ दिएको पाइयो । यसै गरी १७.५० प्रतिशत कक्षाहरूमा शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया भएको पाइयो । उक्त कक्षाहरूमा शिक्षकले कक्षा शिक्षणका बिच- बिचमा व्यक्तिगत तथा सामूहिक रूपमा प्रश्न सोध्ने तथा विद्यार्थीहरूलाई पनि सम्बन्धित विषयमा बोल्न तथा आफ्ना अनुभव र विचार व्यक्त गर्ने अवसर दिएको पाइयो । यस्तै जान्ने जान्ने विद्यार्थीहरूका बिचमा १५ प्रतिशत कक्षाहरूमा अन्तर्क्रिया भएको देखिन्छ । ती कक्षाहरूमा शिक्षकले जान्ने विद्यार्थीहरूलाई विषयवस्तुमा केन्द्रित गराई छलफल गराएको पाइयो । भने ५ प्रतिशत कक्षाहरूमा नजान्ने विद्यार्थीहरूलाई पहिला छलफलमा सहभागी गराई त्यसको अन्त्यमा जान्ने विद्यार्थीहरूलाई अवसर दिइएको पाइयो । त्यसैगरी १० प्रतिशत कक्षाहरूमा छात्र र छात्राका बिचमा अन्तर्क्रिया भएको पाइन्छ । २.५० प्रतिशत कक्षाहरूमा पहिलो भाषी र दोस्रो भाषी बिच अन्तर्क्रिया गराएको पाइयो । यस खालको अन्तर्क्रियाले भाषा शिक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भए तापनि अवलोकन गरिएका कक्षाहरूमा अन्तर्क्रियाको अवस्थालाई हेर्दा पहिलो भाषी र दोस्रो भाषी बिचको अन्तर्क्रिया सचेत रूपमा नभई संयोगवश भएको देखिन्छ । ठीक त्यसरी नै अवलोकन गरिएको जम्मा

कक्षाहरूको २.५ प्रतिशत कक्षाहरूमा नजान्ने र र जान्ने विद्यार्थीका बिचमा अन्तर्क्रिया भएको पाइयो ।

यस तालिकको विश्लेषण गर्दा कक्षाकोठामा शिक्षक र विद्यार्थी बिचको अन्तर्क्रिया हुने तर जुन प्रकारको जस्तो अन्तर्क्रियाको आवश्यकता पर्दछ सो हुन नसकेको देखिन्छ । कक्षाकोठामा शिक्षक अधिक मात्रमा एकोहोरो रूपमा बोलिरहने र अन्तर्क्रिया एक पक्षीय भएको पाइन्छ । तुलनात्मक रूपमा शिक्षक र विद्यार्थी बिचको दोहोरो अन्तर्क्रिया, विद्यार्थी बिचको अन्तर्क्रिया एकोहोरो अन्तर्क्रिया भन्दा न्यून देखिन्छ । कक्षाकोठमा गरिएको अन्तर्क्रिमा पनि ज्यादै कम विद्यार्थी मात्र सहभागी भएको पाइन्छ । शिक्षकमा अन्तर्क्रिया सञ्चालन सम्बन्धी ज्ञान तथा सिपको कमी, अधिक मात्रामा विद्यार्थीको चाप, समयमा तोकिएको पाठ्यवस्त पढाउनै पर्ने समस्या, समयको अभाव, आवश्यक सामग्रीको कमीजस्ता पक्षले पनि कक्षाकोठमा अन्तर्क्रिया सञ्चालनका लागि कठिनाइ ल्याएको पाइयो । यी समस्याहरूको समाधान गरी कक्षाकोठामा अन्तर्क्रिया गराएर उनीहरूका ज्ञान, सिप, अनुभव, क्षमता तथा भावनाहरू शिक्षक तथा विद्यार्थीहरूका बिचमा ल्याउन वातावरण तयार पार्न आवश्यक छ । यसका साथै यस खालको अन्तर्क्रियामा बढी भन्दा बढी विद्यार्थीहरूलाई सहभागी गाराउनु पर्ने देखिन्छ ।

### ४.१.७ कक्षाकोठामा मूल्याङ्कन विवरण

मूल्याङ्कन शिक्षण सिकाइ कार्यकलापको अभिन्न पाटो मानिन्छ । शिक्षकले कक्षाकोठामा पढाएर मात्र पुग्दैन, विद्यार्थीहरूमा के कस्ता उपलब्धिहरू प्राप्त भए भन्ने कुराको जानकारी लिनका लागि निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ । यसले शिक्षण सिकाइ कार्यकलापमा समेत आवश्यक सुधारका लागि सहयोग पुऱ्याउँछ । त्यसकारण पनि मूल्याङ्कनलाई निरन्तर चलाइ रहनु पर्ने देखिन्छ । कक्षाकोठामा मूल्याङ्कन गर्दा विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ । प्रायः जसो कक्षामा गृहकार्य तथा कक्षाकार्य, लिखित तथा मौखिक, सामूहिक तथा व्यक्तिगत रूपमा प्रश्नहरू सोधेर मूल्याङ्कन गरिन्छ । यस शोधपत्रको तयारीका सन्दर्भमा अवलोकन गरिएका ४० वटा कक्षामा प्राप्त मूल्याङ्कनको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

### तालिका सङ्ख्या : ४.८

### मूल्याङ्कनको प्रकृति

| क.सं. | मूल्याङ्कनको प्रकृति | कक्षा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित मूल्याङ्कन गरेको | २४ | ६०।०० |
| २ | नियमित मूल्याङ्कन नगरेको | १६ | ४०।०० |
| ३ | गृहकार्यबाट मूल्याङ्कन गरेको | ११ | २७।५० |
| ४ | कक्षाकार्यबाट मूल्याङ्कन गरेको | ११ | २७।५० |
| ५ | गृहकार्य र कक्षाकार्य दुवैबाट मूल्याङ्कन गरेको | २ | ५।०० |
| ६ | मौखिक प्रश्न गरेर मूल्याङ्कन गरेको | ९ | २२।५० |
| ७ | लिखित प्रश्न गरेर मूल्याङ्कन गरेको | १२ | ३०।०० |
| ८ | मौखिक र लिखित दुवैबाट प्रश्न गरेर मूल्याङ्कन गरेको | १ | २।५० |
| ९ | व्यक्ति तोकेर मूल्याङ्कन गरेको | ७ | १७।५० |
| १० | सामूहिक रूपमा मूल्याङ्कन गरेको | २ | ५।०० |

यस अध्ययनको मुख्य उद्देश्य शिक्षण सिकाइमा मूल्याङ्कनलाई सहकार्यकलापका रूपमा लिइन्छ वा लिइदैन भन्ने हो । त्यसकारण यहाँ त्रैमासिक तथा वार्षिक परीक्षलाई समावेश गरिएको छैन । यसमा शिक्षकले दैनिक रूपमा शिक्षण सिकाइका सन्दर्भमा अपनाउने मूल्याङ्कन प्रविधिलाई आधार बनाइएको छ । माथिको तालिका अनुसार अवलोकन गरेका जम्मा ४० वटा कक्षाहरू मध्येका ६० प्रतिशत कक्षाहरूमा मूल्याङ्कनलाई निरन्तर रूपमा शिक्षणसिकाइ कार्यकलापको अभिन्न पाटोका रूपमा प्रयोग गरिएको पाइन्छ भने ४० प्रतिशत कक्षाहरूमा नियमित मूल्याङ्कन गरेको पाइदैन । त्यसमध्ये २७.५० प्रतिशत कक्षाहरूमा शिक्षकले विद्यार्थीहरूलाई गृहकार्य दिएर मूल्याङ्कन गरेको पाइन्छ । ५ प्रतिशत कक्षाहरूमा शिक्षकले पहिला कक्षाकार्यका रूपमा प्रश्न सोध्ने, उत्तर लेख्न लगाउने र त्यसपछि मात्र गृहकार्य दिएर मुल्याङ्कन प्रक्रियालाई निरन्तरता दिएको पाइन्छ । २२.५० प्रतिशत कक्षाहरूमा मौखिक प्रश्न सोधरे मूल्याङ्कन गरेको देखिन्छ भने ३० प्रतिशत कक्षाहरूमा लिखित प्रश्न गरेर मूल्याङ्कन गरेको पाइयो र २.५ प्रतिशत कक्षाहरूमा मात्र लिखित र मौखिक दुवै रूपमा मूल्याङ्कन गरेको पाइयो । त्यस्तै गरेर १७.५ प्रतिशत कक्षाहरूमा मूल्याङ्कन गर्दा व्यक्तिगत रूपमा गरियो र ५ प्रतिशत

कक्षाहरूमा मात्र सामूहिक रूपमा प्रश्न सोधी सामूहिक रूपमा नै उत्तर दिएर विद्यार्थीहरूको मूल्याङ्कन गरेको पाइयो ।

यसरी हेर्दा करिब आधाभन्दा बढी ६० प्रतिशत कक्षाहरूमा शिक्षकले मूल्याङ्कनलाई शिक्षणको सहकार्यकलापका रूपमा स्वीकार नगरेको देखिन्छ । त्यस मध्ये पनि तालिम प्राप्त गरेको शिहक्षकहरूले मूल्याङ्कनलाई सिकाइ कार्यकलापकै सहयोगी पक्षका रूपमा स्वीकार गरेको पाइयो भने तालिम अप्राप्त शिक्षक जो शिक्षा शास्त्र सङ्काय भन्दा अन्य सङ्कायबाट आएका छन् ती शिक्षकका कक्षाहरूमा प्राय : मूल्याङ्कनलाई वास्ता नगरेको पाइयो ।

## ४.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या

यस शोधपत्र तयारीका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमुना छनोटमा परेका विद्यालयमा नि.मा.वि. तहमा नेपाली भाष शिक्षण गर्ने शिक्षकहरूसँग प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा उक्त शिक्षक प्रश्नावलीमा पविकल्प नभएका सोह्र वटा प्रश्नहरू समावेश गरिएको थियो । ती प्रश्नहरू खासगरी शिक्षक विद्यार्थी अन्तर्क्रियामा तथा मूल्याङ्कनसँग सम्बन्धित थिए । उक्त प्रश्नहरू नमुना छनोटमा परेका र.न.पा. भित्रका निजी र सरकारी विद्यालयहरूमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने दुई दुई जना गरी चार जना शिक्षकहरूलाई लिखित रूपमा जवाफ दिन लगाइएको थियो र अवस्था अनुसार मौखिक रूपमा केही प्रश्नहरू सोधी आवश्यक तथ्य सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

i. नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूमा २ वर्ष देखि १२ वर्ष सम्मको शिक्षण अनुभव रहेको पाइयो ।
ii. छनोटमा परेका जम्मा चारजना नेपाली विषयका शिक्षकहरू मध्ये २५ प्रतिशतले तालिम नपाएको र ७५ प्रतिशत शिक्षक तालिम प्राप्त रहेको पाइयो ।
iii. नेपाली विषय शिक्षण गर्ने सबै शिक्षकहरूले पाठको पुनारावृत्ति नगराउने गरेको पाइयो ।
iv. पाठको पुनरावृत्तिमा ७५ प्रतिशत शिक्षकले व्याख्यान विधिको प्रयोग गरेर र २५ प्रतिशतले द्यिार्थीलाई प्रश्न सोधेर गरेको पाइयो ।

v. कक्षाकोठामा समस्या समाधानका लागि ५० प्रतिशत शिक्षकहरू आफै अग्रसर हुने र बाँकी ५० प्रतिशतले शिक्षकहरूले विद्यार्थीलाई अग्रसर गराएको पाइयो ।

vi. प्रश्नावली र त्यसमा प्राप्त उत्तरका आधारमा सबै शिक्षकहरूले विद्यार्थीहरूसँग समस्यामा केन्द्रित रहेर छलफल गरेको पाइयो ।

vii. भाषा शिक्षणका सन्दर्भमा न्यून मात्रामा दोहोरो अन्तर्क्रिया गराउने गरेको पाइयो ।

viii. पाठको विधा अनुसार अलग अलग शिक्षण विधि प्रयोग गर्ने सकिने तर विविध कारणवश विधागत विविधता सँगै शिक्षण विधिमा विविधता ल्याउन नसकिएको पाइयो ।

ix. पाठको प्रारम्भ गर्नुपूर्व पाठको सन्दर्भ बताउने गरेको पाइयो ।

x. दैनिक मूल्याङ्कनलाई नियमित रूपमा सञ्चालन गर्नुपर्ने कुरा सबै शिक्षकले बताए तर कक्षाकोठामा नियमित मूल्याङ्कन गर्न नसकिएको पाइयो ।

## ४.३ कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्य बिचको तुलना

यस अध्ययन प्रतिवेदनको तयारीका सन्दर्भमा आवश्यक तथ्य सङ्कलनका लागि कक्षा अवलोकन र प्रश्नावलीको प्रयोग गरिएको थियो । प्रश्नावलीबाट प्राप्त तथ्यहरूलाई हेर्दा अन्तर्क्रिया विधि र विद्यार्थी केन्द्रित शिक्षण विधिका बारेमा सैद्धान्तिक ज्ञान भएको पाइयो । तर ज्ञान हुँदा हुँदै पनि समयको अभाव, समयमै कोर्ष पूरा गर्नुपर्ने बाध्यता, विद्यार्थी सङ्ख्या, सामग्रीको अभाव जस्ता कुराहरू देखाएर आफूसँग भएको ज्ञान सिपलाई कक्षाकोठामा प्रयोग नगरिएको पाइयो । कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यको तुलना गर्दा कतिपय पक्षहरूमा भनाइ र गराइका बिच तालमेल हुन नसकेको पाइयो । दोहोरो अन्तर्क्रिया र पाठको सन्दर्भ, तयारी, शैक्षिक सामग्रीको उपयोगिता जस्ता कुराहरूमा शिक्षकहरूको सत प्रतिशत समर्थन रहेपनि कक्षाकोठामा भने असाध्यै न्यून मात्रामा प्रयोगमा आएको पाइयो । भाषा शिक्षणका सन्दर्भमा प्रवचन र व्याख्यान विधिलाई महत्व दिन हुँदैन भन्ने शिक्षकहरूको जवाफ पाइएको थियो तर अधिकाशं कक्षाहरूमा अवलोकन गर्दा व्याख्यान विधिलाई नै अनुसरण गरिएको पाइयो ।

अन्त्यमा प्रश्नावलीबाट प्राप्त तथ्य र कक्षा अवलोकनबाट प्राप्त तथ्य र कक्षा अवलोकनबाट प्राप्त तथ्य दुवैको अध्ययन गर्दा कक्षा कोठामा शिक्षक विद्यार्थी अन्तर्क्रियाको क्रममा शिक्षक नै बढी सक्रिय रहेको पाइन्छ । भाषा शिक्षण सिकाइका सन्दर्भमा शिक्षकभन्दा विद्यार्थीहरूलाई नै बढी सक्रिय बनाई अन्तर्क्रिया र छलफलबाट शिक्षण कार्यकलाप सञ्चालन भए मात्र सिकाइ प्रभावकारी र उपलब्धिपूर्ण बन्न सक्दछ ।

### ४.४ निष्कर्ष

i. नि.मा.वि. तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन गर्न कक्षा अवलोकन फारमको प्रयोग गरी दुई वटा विद्यालयका चार जना शिक्षकको दश दश वटा कक्षा गरी जम्मा चालिस वटा कक्षा अवलोकन गरियो ।

ii. कक्षाकोठाभित्र शिक्षण सिकाइ कार्यकलापका सन्दर्भमा कक्षामा गरिएका कार्यकलापहरू सन्तोषजनक अवस्थाका भए पनि त्यसको गुणात्मक र मात्रात्मक अवस्था कमजोर देखियो ।

iii. दैनिक प्रयोगका सामग्री बाहेक अन्य शिक्षण सामग्रीको प्रयोगमा कमी देखियो ।

iv. शिक्षण विधिमा प्राय : शिक्षक केन्द्रित विधिहरू अवलम्बन गरेको पाइयो ।

v. कक्षाकोठामा विद्यार्थीहरूले बोल्ने गरेको समय ज्यादै न्यून पाइयो ।

vi. छलफल र अन्तर्क्रियामा कमजोर विद्यार्थी तथा छात्राहरूको सहभागितामा कमी देखियो ।

vii. शिक्षक प्रश्नावलीमा शिक्षकको कतिपय जवाफसँग कक्षा कार्यकलापको मेल नभएको पाइयो ।

viii. शिक्षण सिकाइमा मूल्याङ्कनलाई दैनिक शिक्षण कार्यकलापको अङ्गको रूपमा लिन नसकिएको पाइयो ।

# अध्याय पाँच

# परिणामको तुलनात्मक विश्लेषण

## ५.१ परिचय

प्रस्तुत अध्ययन अनुसन्धानका लागि दुई वटा विद्यालयहरूका दुई दुई जना गरी चार जना शिक्षकहरूका दश दशवटा कक्षाका दरले चालिसवटा कक्षाहरूलाई नमुना छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जसमध्ये दुई जना शिक्षकका बीसवटा कक्षाहरू निजी विद्यालयका थिए भने अन्य दुई शिक्षकका बीसवटा कक्षाहरू सरकारी विद्यालयका थिए । यसबाट प्राप्त तथ्यहरूलाई तालिकीकरण गरी अध्याय चारमा व्याख्या विश्लेषण गरिएको छ । सोही तालिकाहरूमा आधारित रही सरकारी र निजी विद्यालयहरूमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अवस्थालाई यहाँ तुलना गरिएको छ ।

## ५.२ कक्षा प्रारम्भ

कक्षाकोठामा शिक्षक प्रवेश गरेपछि उसले पूर्वपाठमा आधारित हुँदै पाठको पूर्ण तयारीका साथ, स्पष्ट उद्देश्यमा आधारित भएर, पाठको सन्दर्भको चर्चा गर्दै पाठप्रति विद्यार्थीहरूको रुचि जागरण गराएर कक्षा प्रारम्भ गर्नु पर्दछ । अध्ययनका क्रममा सरकारी र निजी विद्यालयहरूमा प्राप्त कक्षा प्रारम्भको स्थितिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५.२**

**कक्षा प्रारम्भ सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | कार्यकलाप | अतिउत्तम | | उत्तम | | मध्यम | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी |
| १ | पूर्वपाठमा आधारित | ५.० | २।५ | १०.० | ५.० | २२।५ | २.०५ | १२।५ | १७।५ |
| २ | पाठप्रति वि.रुचि जागरण | ( | ५.० | २।५ | १०.० | १२।५ | २५.० | ३५.० | १०.० |
| ३ | पाठको सन्दर्भ ल्याएर सुरुगर्ने | २।५० | ५.० | ७।५ | १२।५ | २०.० | २५.० | २०.० | ७।५ |
| ४ | पाठको तयारी | ५.० | १५.० | १०.० | १५.० | २५.० | १७।५ | १०.० | २।५ |
| ५ | शिक्षण उद्देश्यबारे स्पष्टता | २।५ | १०.० | १५।५ | २०.० | ३२।५ | १७.० | २।५ | ( |

कक्षा प्रारम्भ सम्बन्धी माथिको तालिकालाई हेर्दा पूर्वपाठमा आधारित भएर शिक्षण सिकाइ कार्यकलाप निजी र सरकारी दुवै समान प्रकृतिको पाइयो । पाठप्रति विद्यार्थीको रुचि जागरण, पाठको सन्दर्भ अनुसारको शिक्षणको सुरुवात गर्ने, पाठको पूर्वतयारीका साथ कक्षाकोठामा जाने पक्षहरूका सन्दर्भमा निजी विद्यालयका शिक्षकहरू सरकारी विद्यालयका शिक्षकहरू भन्दा अगाडि रहेको पाइयो । सरकारी विद्यालयहरूमा शिक्षण कार्यकलाप पाठको उद्देश्यतर्फ केन्द्रित रहनु भन्दा अनावश्यक लहडमा लहरिएको पाइयो । पढाउनका लागि पढाइएको भन्दा पनि उद्देश्य प्राप्तिका लागि पढाउने पक्षमा निजी विद्यालयका शिक्षकहरूका कक्षाहरू सकारात्मक पाइए । शिक्षकहरूले प्राप्त गरेको तालिमलाई आधार मान्ने हो भने प्राय सबै शिक्षकहरू धेरै थोरै तालिम प्राप्त नै पाइए । तुलनात्मक रूपले सरकारी विद्यालयका शिक्षकहरूले धेरै तालिमको अवसर प्राप्त गरेको पाइयो । तथा कक्षाकोठाको र विद्यार्थीको अधिक चापमन कारण प्राप्त सिप तथा ज्ञानलाई व्यवहारमा उतार्ने सन्दर्भमा सरकारी विद्यालयका शिक्षकहरूको कक्षा कमजोर देखिन्छ ।

### ५.३ शैक्षिक सामग्रीहरूको प्रयोग

शिक्षण सिकाइ कार्यकलापलाई सरल, प्रभावकारी तथा अर्थपूर्ण बनाउनका लागि प्रयोग गरिने सामग्री नै शैक्षिक सामग्रीहरू हुन् । चार्ट, पत्रपत्तीकाहरू, चक डस्टर जस्ता दैनिक प्रयोगका सामग्री, वाक्यपत्ती, अर्थपत्ती, शब्दपत्ती फलाटिन बोर्ड, गोजी तालिका आदि शैक्षिक सामग्री अन्तर्गत पर्दछन् । यस्ता सामग्रीको प्रयोगले कक्षा शिक्षण सरल प्रभावकारी र दिगो सिकाइका लागि सहयोग पुऱ्याउँछ । यस अध्ययनका क्रममा कक्षा अवलोकन गरिएका निजी र सरकारी विद्यालयका कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति निम्नानुसार पाइएको छ :

**तालिका सङ्ख्या ५.३**

**शैक्षिक सामग्रीको प्रयोग**

| क्र.सं. | कार्यकलाप | अतिउत्तम | | उत्तम | | मध्यम | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी |
| १ | दैनिक प्रयोगका सामग्री चित्र | ७।५ | १२।५ | ७।५ | १७।५ | १५ | १५ | २० | ५ |
| २ | शब्दपत्री, अर्थपत्ती र वाक्यपत्ती | ( | २।५ | २।५ | १० | २।५ | ७।५ | ४५ | ३० |
| ३ | फलाटिन बोर्ड | ( | ( | ५० | ७।५ | ५।० | १० | ४०।० | ३२।५ |
| ४ | चार्ट | २।५ | ५।० | ५।० | ७।५ | ७।५ | ५।० | ३५।० | ३२।५ |
| ५ | गोजी तालिका | | | | | | | | |

शैक्षिक सामग्रीको प्रयोगको अवस्थासँग सम्बन्धित माथिको तालिकालाई अध्ययन गर्दा निजी र सरकारी दुवै विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोगको अवस्था कमजोर देखियो । दैनिक प्रयोगका सामग्रीहरू चक, डस्टर, कालोपाटी आदिको प्रयोगको अवस्था भने सन्तोषजनक नै पाइयो । यसमा पनि सरकारी विद्यालयका कतिपय कक्षाहरूमा जाँदा शिक्षक चक डस्टर नलिएरै गएको पाइयो भने केही निजी विद्यालयका शिक्षकहरूले दैनिक प्रयोगका सामग्रीहरूको प्रयोग पक्षमा कमजोरी देखियो तर तुलनात्मक रूपमा शैक्षिक सामग्रीहरूको प्रयोगका सन्दर्भमा निजी विद्यालय अगाडि देखियो तर निजी विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीको न्यून प्रयोग देखियो भने सरकारी विद्यालयहरूमा शैक्षिक सामग्रीहरू उपलब्ध भएर पनि कक्षाकोठामा खासै प्रयोगमा नल्याएको पाइयो । चित्र प्रयोग तथा प्रदर्शनका दृष्टिले शिक्षकहरूले बनाएका चित्र कम देखिए भने पाठ्यपुस्तकमा भएको चित्रलाई प्रया सबै शिक्षकले प्रदर्शन गरेको पाइयो । तर निजी विद्यालयमा विद्यार्थीहरूद्वारा बनाइएका चित्रहरूलाई समेत प्रयोगमा ल्याइएको छ । शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, प्रयोगको अवस्था पनि कमजोर नै पाइन्छ । यी सामग्रीहरू गोजी तालिकामा देखाउनु पर्ने तर त्यो नगरी कतिपय कक्षाहरूमा हातबाट नै देखाइयो भने कतिपय निजी विद्यालयका कक्षाहरूमा कालोपाटीलाई नै फ्लाटिन वोर्डका रूपमा समेत प्रयोग गरियो । चार्ट तथा पत्रपत्तीकाको प्रयोग निजी र सरकारी दुवै विद्यालयका कक्षाहरूमा प्रयोग गरिएन । यसरी

समग्रमा हेर्दा शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण गर्ने कक्षाहरू न्यून देखियो तर तुलनात्मक रूपमा हेर्दा निजी विद्यालयका शिक्षकहरू सरकारी विद्यालयका शिक्षकहरूभन्दा बढी सामग्री प्रयोगमा सचेत पाइयो ।

## ५.४ शिक्षण विधिहरू

शिक्षकले विद्यार्थीका लागि शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नु पर्दछ । पाठको प्रकृति, विद्यार्थीको स्तर, रुचि, शैक्षिक तह, उपलब्ध सामग्री, कक्षाकोठाको वातावरण तथा विद्यार्थी सङ्ख्या आदि पक्षलाई मध्य नजर गर्दै फरक फरक शिक्षण विधिको प्रयोग गर्न सकिन्छ । अध्ययनका क्रममा सरकारी र निजी विद्यालयहरूमा अवलोकन गरिएका कक्षाहरूमा प्रयोग भएका शिक्षण विधिहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका सङ्ख्या ५.४**

**शिक्षण विधि**

| क्र.सं. | कार्यकलाप | अतिउत्तम | | उत्तम | | मध्यम | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी |
| १ | प्रवचन | २० | १५ | १२।५ | १७।५ | १२।५ | १२।५ | ५ | ५ |
| २ | छलफल | ७।५ | १२।५ | ५ | २२।५ | १७।५ | १० | २० | ५ |
| ३ | प्रश्नोत्तर | ७।५ | १० | १० | २० | १७।५ | १० | १५ | १० |
| ४ | समस्या समाधान | ८ | १५ | २०।५ | २५ | २० | ७।५ | ११५ | २।५ |

शिक्षण कार्यकलापको अवलोकनका क्रममा भूमिका निर्वाह, खेल विधि, खोज विधि जस्ता विधिहरूको प्रयोग गरिएको छ । परम्परागत रूपमा नै चलिआएका शिक्षक केन्द्रित विधिहरूको प्रयोगमा बढी जोड दिइएको पाइयो । प्रवचन, छलफल, प्रश्नोत्तर र प्रवचन विधिहरू प्रयोग गरिएका कक्षाहरूमध्ये समस्या समाधान विधिको प्रयोग गरिएका सरकारी विद्यालयको शिक्षण बढी प्रभावकारी पाइयो । कक्षाकोठामा विद्यार्थी सङ्ख्या धेरै भएको कारण सरकारी विद्यालयहरूमा छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग उत्कृष्ट हुन सकेन

तर निजी विद्यालयका कक्षाकोठामा थोरै विद्यार्थी सङ्ख्या रहेकाले सिकाइ कार्यकलापमा विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउन र सबै प्रकारका विद्यार्थीहरूसँग प्रश्नोत्तर गर्न सहज देखियो । त्यसै कारणले छलफल र प्रश्नोत्तर विधि प्रयोगमा निजी विद्यालयहरूको अवस्था बलियो देखिन्छ । प्रवचन विधिको प्रयोगमा भने निजी विद्यालयहरूको तुलनामा सरकारी विद्यालयका कक्षाहरू बढी उत्कृष्ट पाइयो । भाषा सिकाइका सन्दर्भमा विद्यार्थीहरूलाई बढी सक्रिय बनाई उनीहरूको मौलिक क्षमताको विकास गराउनु पर्ने हो तर यस खालका शिक्षण विधिहरूले यस प्रकारका तहगत आवश्यकताको महसुस नगरेको पाइयो । यस पक्षमा निजी तथा सरकारी दुवै विद्यालयहरू पछाडि परेको पाइयो । समस्या समाधानका लागि निजी विद्यालयका कक्षाहरूमा शिक्षकले सामूहिक रूपमा समस्या दिएर छलफल गराई निष्कर्ष निकाल्न लगाएको पाइयो भने सरकारी विद्यालयका शिक्षकहरूले व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई समस्या समाधानतर्फ अग्रसर गराएको पाइयो र विद्यार्थीहरूको सहयोगीका रूपमा शिक्षक स्वयम् उपस्थित भएको पाइयो । यसरी समग्रमा हेर्दा भाषिक सिप विकासका लागि निजी र सरकारी दुवै विद्यालयमा प्रयोग गरिएका विधिहरू सर्वोत्कृष्ट छैनन् । तर प्रयोग गरिएका शिक्षण विधिहरूमा प्रवचन विधिको प्रयोगका सन्दर्भमा सरकारी विद्यालहरू अगाडि देखिए भने छलफल र प्रश्नोत्तर विधि प्रयोगका सन्दर्भमा निजी विद्यालयहरू उत्कृष्ट देखिए ।

### ५.५ शिक्षक विद्यार्थी सक्रियताको प्रकृति

शिक्षण सिकाइ कार्यकलापका सन्दर्भमा शिक्षक र विद्यार्थीको उपस्थिति के कस्तो छ ? शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी तथा शिक्षकको सक्रियताको अवस्था कस्तो छ ? त्यसमा पनि निजी र सरकारी विद्यालयहरूमा शिक्षक र विद्यार्थीहरूको सहभागिता के कस्तो छ ? भन्ने विषयमा केन्द्रित भई गरिएका अवलोकनबाट प्राप्त तथ्यहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५.५**

**शिक्षक विद्यार्थी सक्रियताको प्रकृति**

| क.सं. | कार्यकलाप | अतिउत्तम | | उत्तम | | मध्यम | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी |
| १ | शिक्षकको सक्रियता | ५ | १७।५ | १५ | १७।५ | १५ | १५ | १० | ५ |
| २ | विद्यार्थीको सक्रियता | २।५ | १५ | १७ | १० | १७ | ८ | २४।५ | ६ |

माथिको तालिकालाई शिक्षण सक्रियताभित्र शिक्षकका कक्षा कार्याकलाप, विद्यार्थीहरूको मनोविज्ञान, पाठप्रति रुचि जागरण, मूल्याङ्कन, गृहकार्य जस्ता पक्षहरूलाई समेटिएको छ । यी कुराहरूलाई आधार मानेर हेर्दा निजी विद्यालयका १७.५ प्रतिशत कक्षाहरू शिक्षक सक्रियताका आधारले अतिउत्तम रहेको पाइयो भने सरकारी विद्यालयका जम्मा ५ प्रतिशत कक्षाहरू मात्र अतिउत्तम अवस्थामा रहेको पाइयो । त्यस्तै गरी शिक्षक सक्रियताका दृष्टिले निजी विद्यालयका १० प्रतिशत कक्षाहरू निम्न अवस्थाका पाइए भने सरकारी विद्यालयका १० प्रतिशत कक्षाहरूको अवस्था निम्न कोटीको पाइयो । विद्यार्थी सक्रियताभित्र उनीहरूले नबुझेका प्रश्नहरू सोध्ने, कक्षाकार्य तथा गृहकार्य समयमै पूरा गर्ने बुझाउने, पाठप्रति अभिरुचि राख्ने जस्ता कुराहरू पर्दछन् । यसरी विद्यार्थीको सक्रियताका सन्दर्भमा सरकारी विद्यालयका विद्यार्थीहरूको अवस्था अत्यन्तै कमजोर रहेको पाइयो । उनीहरू प्राय कक्षामा बस्ने र शिक्षकले भनेका कुरा सुन्ने तर प्रतिक्रिया व्यक्त नगर्ने गरेको पाइयो तर निजी विद्यालयमा भने सरकारी विद्यालयहरूको तुलनामा धेरै सक्रिय रहेको पाइयो । सरकारी विद्यालयहरूका २.५ प्रतिशत कक्षाहरूमा मात्र अतिउत्तम पाइयो भने विद्यार्थीहरूको सक्रियताका दृष्टिले निजी विद्यालयका १५ प्रतिशत कक्षाहरू अतिउत्तम पाइयो । निजी विद्यालयका ६ प्रतिशत कक्षाहरूमा विद्यार्थी सक्रियता न्यून रहेको अवस्थामा सरकारी विद्यालयका २४.५ प्रतिशत कक्षाहरूमा विद्यार्थी सक्रियता न्यून देखियो ।

### ५.६ अन्तर्क्रियाको अवस्था

यस अध्ययनको मुख्य उद्देश्य नै शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन गर्नु हो । त्यसकारण यस शीर्षकलाई बढी महत्वका साथ लिइएको छ । कक्षाकोठामा भाषा शिक्षणको सन्दर्भमा शिक्षक र विद्यार्थीहरू बिच के कस्तो प्रकारको अन्तर्क्रिया भयो त्यस अन्तर्क्रियामा पनि निजी तथा सरकारी विद्यालयको अवस्था कस्तो छ आदि पक्षहरूलाई यहाँ विश्लेषण गरिन्छ ।

यस अध्ययनप्रतिवेदन तयारीका सन्दर्भमा निजी र सरकारी विद्यालयका नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई निजी विद्यालयका वीस कक्षाहरूलाई तथा सरकारी विद्यालयका वीस कक्षाहरूलाई अलग अलग रूपमा प्रतिशतमा लगी देखाइएको छ :

**तालिका सङ्ख्या ५.६**

**अन्तर्क्रियाको अवस्था**

| **क.सं.** | **अन्तर्क्रियाको प्रकृति** | **निजी विद्यालय ( प्रतिशतमा)** | **सरकारी विद्यालय ( प्रतिशतमा)** |
|---|---|---|---|
| १ | दोहोरो अन्तर्क्रिया | ३०।० | २५।० |
| २ | एकोहोरो अन्तर्क्रिया | ७०।० | ७५।० |
| ३ | शैक्षिक सामग्री र विद्यार्थी बिच अन्तर्क्रिया | १०।० | ५।० |
| ४ | शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया | २०।० | १५।० |
| ५ | जान्ने जान्ने बिच अन्तर्क्रिया | १५।० | १०।० |
| ६ | जान्ने र नजकान्ने बिच अन्तर्क्रिया | ५।० | ५।० |
| ७ | छात्र र छात्रा बिच अन्तर्क्रिया | १०।० | १० |
| ८ | पहिलो भाषी र दोस्रो भाषी बिच अन्तर्क्रिया | ०।० | ५।० |
| ९ | नजान्ने नजान्नेका बिच अन्तर्क्रिया | ०।० | ५।० |

माथिको तालिकामा निजी विद्यालयका २० कक्षा र सरकारी विद्यालयका २० कक्षाहरूलाई अलग अलग रूपमा प्रतिशतमा लगिएको छ । उक्त तालिकाबाट प्राप्त तथ्यलाई हेर्दा निजी विद्यालयका ३० प्रतिशत र सरकारी विद्यालयका २५ प्रतिशत कक्षहरूमा दोहोरो अन्तर्क्रिया

भएको देखिन्छ  भने निजी विद्यालयका ७० प्रतिशत र सरकारी विद्यालयका ७५  प्रतिशत कक्षाहरूमा एकोहोरो अन्तर्क्रिया भएको देखिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापमा दोहोरो अन्तर्क्रिया विधिलाई प्रभावकारी विधिका रूपमा स्वीकार गरिएको वर्तमान अवस्थामा कक्षाकोठामा भने ज्यादै न्यून मात्रामा दोहोरो अन्तर्क्रियालाई प्रयोग गरिएको पाइयो । सरकारी विद्यालय र निजी विद्यालयको अवस्थालाई तुलनात्मक रूपमा हेर्ने हो भने सरकारी विद्यालयका २५  प्रतिशत कक्षामा र निजी विद्यालयका ३०  प्रतिशत कक्षामा मात्र दोहोरो अन्तर्क्रियाका माध्यमले भाषा शिक्षण गरेको देखिन्छ । तुलनात्मक रूपमा सरकारी विद्यालयमा निजी विद्यालयभन्दा ५ प्रतिशत धेरै कक्षाहरूमा दोहोरो अन्तर्क्रिया भएको देखिन्छ । तापनि यो तथ्य त्यति सन्तोषजनक देखिँदैन ।

यसरी विद्यार्थी र शिक्षण सामग्रीका  बिचमा अन्तर्क्रिया भएका कक्षाहरू मध्ये १० प्रतिशत कक्षाहरू निजी विद्यालयका थिए भने ५ प्रतिशत कक्षाहरू सरकारी विद्यालयका थिए । निजी विद्यालयका १५ प्रतिशत कक्षाहरूमा रोल नं. १-१० सम्मका विद्यार्थीहरूको सहभागिता थियो भने १०  प्रतिशत सरकारी विद्यालका कक्षाहरूमा १-१० रोल नं सम्मका विद्यार्थीहरूको सहभागिता देखिन्छ । यी विद्यार्थीहरूलाई निश्चित विषयमा केन्द्रित गराई अन्तर्क्रिया गराइएको थियो तर नजान्ने नजान्ने विद्यार्थीहरूका  बिचमा सरकारी विद्यालयमा ५ प्रतिशत कक्षाहरूमा अन्तर्क्रिया गराइयो भने निजी विद्यालयहरूमा नजान्ने नजान्ने बिचमा अनतर्क्रिया गराइएको पाइएन । यस क्रममा लैङ्गिकताका दृष्टिले हेर्दा निजी विद्यालयका १० प्रतिशत कक्षाहरूमा छात्र र छात्राका  बिचमा अन्तर्क्रिया भएको पाइयो । सरकारी विद्यालयमा पनि १० प्रतिशत कक्षाहरूमा छात्र र छात्राका  बिचमा अन्तर्क्रिया भएको पाइयो तर छात्र छात्र र छात्रा छात्राका  बिचमा भने सरकारी र निजी दुवै विद्यालयले अन्तर्क्रिया गराएको पाइएन । भाषाका दृष्टिले हेर्दा निजी विद्यालयमा पहिलो भाषाका रूपमा नेपाली सिक्नेको सङ्ख्या कम पाइयो र तुलनात्मक रूपमा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्नेको सङ्ख्या बढी देखिन्छ । यस क्रममा निजी विद्यालयका कक्षाहरूमा पहिलो भाषी र दोस्रो भाषीका  बिचमा अन्तर्क्रिया गराइएन भने सरकारी विद्यालयका ५ प्रतिशत कक्षाहरूमा पहिलो र दोस्रो भाषी विद्यार्थीहरूका  बिचमा अन्तर्क्रिया गराएको पाइयो ।

अध्ययनको क्रममा प्राप्त तथ्यको विश्लेषण गर्दा शिक्षक र विद्यार्थी बिच अत्यन्तै न्यून अन्तर्क्रिया भएको पाइन्छ । शिक्षक एकोहोरो रूपमा पढाउनका लागि मात्र व्यस्त रहेको र विद्यार्थीले श्रोताको मात्र भूमिका निर्वाह गरेको पाइन्छ । निजी विद्यालय र सरकारी विद्यालयका बिचमा तुलना गर्दा सरकारी विद्यालयमाभन्दा ५ प्रतिशत भन्दाबढी निजी विद्यालयमा दोहोरो अन्तर्क्रिया भएको पाइन्छ ।

### ५.७ विद्यार्थी मूल्याङ्कन

यस अध्ययनमा शिक्षकले विद्यार्थी मूल्याङ्कन कार्यक्रमलाई शिक्षण सिकाई कार्यकलापको सहकार्यकलापका रूपमा लिएका छन् वा छैनन् भनी कक्षा अवलोकन गरिएको थियो । यो विषय यस अध्ययनको प्रमुख उद्देश्य पनि हो । यसै उद्देश्यलाई मध्यनजर गरी कक्षा अवलोकन गरिएको थियो । नि.मा.वि. तहका सरकारी र निजी विद्यालय गरी ४० वटा कक्षा अवलोकनका क्रममा प्राप्त तथ्यलाई अलग अलग रूपमा प्रतिशतमा देखाइएको छ ।

**तालिका सङ्ख्या ५.७**

**विद्यार्थी मूल्याङ्कन अवस्था**

| क्र.सं. | मूल्याङ्कन | निजी विद्यालय ( प्रतिशतमा) | सरकारी विद्यालय ( प्रतिशतमा) |
|---|---|---|---|
| १ | नियमित मूल्याङ्कन गरेको | ६५ | ५५ |
| २ | नियमित मूल्याङ्कन नगरेको | ३५ | ४५ |
| ३ | गृहकार्यबाट मूल्याङ्कन गरेको | २५ | ३० |
| ४ | कक्षाकार्यबाट मूल्याङ्कन गरेको | ३० | २५ |
| ५ | गृहकार्य र कक्षाकार्यबाट मूल्याङ्कन गरेको | १० | ( |
| ६ | मौखिक प्रश्नबाट मूल्याङ्कन गरेको | २० | २५ |
| ७ | लिखित रूपमा मूल्याङ्कन गरेको | ३० | ३० |
| ८ | मौखिक र लिखित रूपमा मूल्याङ्कन गरेको | ५ | ( |
| ९ | व्यक्ति तोकेर प्रश्न गरेको | १५ | २० |
| १० | सामूहिक रूपमा प्रश्न गरेको | ५ | ५ |
| ११ | दुवै तरिका अपनाएर प्रश्न गरेको | - | - |

माथिको तालिका अनुसार निजी विद्यालयका ६५ प्रतिशत कक्षा र सरकारी विद्यालयका ५५ प्रतिशत कक्षामा मात्र नियमित मूल्याङ्कन गरेको पाइयो । बाँकी निजी विद्यालयमा ३५ प्रतिशत र सरकारी विद्यालयका ४५ प्रतिशत कक्षामा नियमित रूपमा मूल्याङ्कन गरिएन । मूल्याङ्कन गरिएका कक्षाहरूमा पनि कूल २५ प्रसितशत निजी विद्यालयहरूका र ३० प्रतिशत सरकारी विद्यालयका कक्षाहरूमा गृहकार्य दिएर मूल्याङ्कन गरेको पाइयो । त्यसैगरी निजी विद्यालयका ३० प्रतिशत कक्षा र सरकारी विद्यालयका २५ प्रतिशत कक्षाहरूमा कक्षाकार्यबाटै मूल्याङ्कन गरियो भने गृहकार्य र कक्षाकार्य दुवै तरिका अपनाएर निजी विद्यालयमा १० प्रतिशत कक्षाहरूमा मूल्यङ्कन गर्ने गरेको पाइयो । सरकारी विद्यालयम दुवै तरिका एउटै कक्षामा अपनाएको पाइएन । कक्षाकार्यबाट मूल्याङ्कन गरिएका कक्षाहरूमा पनि निजी विद्यालयका २० प्रतिशत र सरकारी विद्यालयका २५ प्रतिशत कक्षाहरूमा मौखिक रूपमा मूल्याङ्कन  गर्ने गरेको पाइयो । निजी विद्यालयका ३० प्रतिशत र सरकारी विद्यालयका ३० कक्षाहरूमा लिखित रूपमा मूल्याङ्कन गरियो भने मौखिक र लिखित दुवै विधिको प्रयोग गरेर निजी विद्यालयका ५ प्रतिशत कक्षामा

मूल्याङ्कन गर्ने गरेको पाइयो तर सरकारी विद्यालयमा कि लिखित माध्यमको मात्रै कि मौखिक माध्यमको मात्र प्रयोग गर्ने गरेको पाइयो । यसमा पनि १५ प्रतिशत निजी विद्यालयका कक्षाहरूमा व्यक्ति तोकेर प्रश्न गर्ने गरेको पाइयो भने सरकारी विद्यालयका २० प्रतिशत कक्षामा व्यक्ति तोकेर प्रश्न गर्ने गरेको पाइयो । त्यसैगरी निजी विद्यालयको ५ प्रतिशत कक्षामा र सरकारी विद्यालयका ५ प्रतिशत कक्षामा मात्र सामूहिक रूपमा प्रश्न सोधेको पायो तर निजी र सरकारी दुवै विद्यालयमा व्यक्तिगत रूपमा र सामुकहिक रूपको एउटै कक्षा प्रयोग गर्ने गरेको पाइएन ।

यसरी माथिको तथ्यलाई हेर्दा निजी तथा सरकारी विद्यालयको तुलना गर्दा निजी विद्यालयमा नियमित मूल्याङ्कन बढी भएको पाइयो भने कक्षाकार्यबाट मूल्याङ्कन गर्नेमा निजी विद्यालय अगाडि र गृहकार्यबाट मूल्याङ्कन गर्नेमा  सरकारी विद्यालय अगाडि रहेको देखियो । तर निजी विद्यालयका १० प्रतिशत कक्षामा गृहकार्य र कक्षाकार्य दुवैको समेत प्रयोग गरेको पाइयो भने सरकारी विद्यालय यो विषयमा कमजोर देखियो । लिखित रूपमा काम दिएर मूल्याङ्कन गर्ने सवालमा निजी र सरकारी दुबै बराबर रहेको पाइयो । मौखिक र लिखित दुवै माध्यमबाट निजी विद्यालयमा मात्र मूल्याङ्कन गरिएको पाइयो । सरकारी विद्यालयमा वव्यक्ति तोकेर प्रश्न गर्ने गरेको बढी पाइयो ।

### **५.८ कक्षा शिक्षणमा प्राप्त सबल र दुर्बल पक्ष**

#### **५.८.१ कक्षा शिक्षणका सबल पक्षहरू**

यस शोधपत्रको तयारीका सन्दर्भमा निजी र सरकारी विद्यालयहरूमा कक्षा अवलोकनको क्रममा प्राप्त भएका सबल पक्षहरूमा सरकारी विद्यालयतिर बढी मात्रामा, प्रवचन विधि अपनाई शिक्षण गर्ने गरिएको , शिक्षकले धेरै समय बोल्ने, शिक्षकको सक्रियता, एकोहोरो अन्तर्क्रिया, पूर्वपाठमा आधारित कक्षा प्रारम्भ गर्नु आदि रहेका छन् ।

अवलोकनका क्रममा प्राप्त तथ्यका आधारमा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयमा पाठप्रतिको रुचि जागरण, पाठको सन्दर्भ ल्याएर सुरु गर्ने, पाठको पूर्व तयारी र शिक्षण उद्देश्यबारे स्पष्टताका विषयमा सबल देखियो । दैनिक प्रयोगका सामग्रीको प्रयोग चित्र, शब्दपत्ती, अर्थपत्तीको प्रयोग, फलाटिन बोर्ड सरकारी विद्यालयमाभन्दा निजी विद्यालयमा राम्रो देखियो । त्यसै गरी छलफल, समस्या समाधान प्रश्नोत्तर विधिको प्रयोग

विद्यार्थीहरूको सक्रियता, दोहोरो अन्तर्क्रिया नियमित मूल्याङ्कन आदिमा निजी विद्यालयको राम्रो प्रभाव देखिन्छ ।

### ५.८.२ कक्षा शिक्षणको दुर्बल पक्ष

छनोट गरिएका कक्षाहरूमा गरिएको अवलोकनबाट केही कमजोरीहरू देखिएका छन् । सरकारी विद्यालयका नि.मा.वि तहका कक्षाहरूमा देखिएका कमजोरी पक्षहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

i. पाठको पूर्वतयारीका साथ कक्षाकोठामा प्रवेश गर्ने,
ii. शिक्षणलाई उद्देश्य केन्द्रित नगराउने,
iii. शैक्षिक सामग्रीको प्रयोगमा कमी,
iv. खोज विधिको प्रयोगमा कमी,
v. मूल्याङ्कनलाई नियमित नगर्ने,
vi. विद्यार्थीहरूको निष्क्रिय रहने,
vii. शिक्षक विद्यार्थी अनतर्क्रियामा कम हुने,

सरकारी विद्यालयको तुलनामा निजी विद्यालयहरूको अवस्था धेरै पक्षहरूमा अगाडि देखिए तापनि वास्तविकतालाई हेर्ने हो भने निजी विद्यालयमा धेरै पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ । निजी विद्यालयमा प्रयोग गरिने कार्यकलापहरूको गुणस्तरीयताका वृद्धि गर्नुपर्ने देखिन्छ । जुन यसप्रकार छन् :

i. पूर्व पाठमा आधारित भई शिक्षण कार्यकलापको आरम्भ गर्नुपर्ने,
ii. खेल विधि अभ्यास विधिको प्रयोगमा जोड दिने,
iii. गोजि तालिकाको उचित प्रयोग गर्ने,
iv. भाषा सिकाइमा विद्यार्थीलाई सक्रिय बनाउने,
v. दोहोरो अन्तर्क्रिया, भिन्न भाषा भाषीका बिच अन्तर्क्रिया गराउने,
vi. मूल्याङ्कनलाई शिक्षण सहकार्यकलापका रूपमा लैजाने ।

### ५.९ निष्कर्ष

यस शोधपत्र तयारीका क्रममा सरकारी र निजी विद्यालयका शिक्षण सिकाइ क्रियाकलापहरूको अवलोकन गरिएको थियो । अवलोकनका क्रममा प्राप्त तथ्यहरूलाई व्याख्या, तथा तुलनात्मक रूपमा विश्लेषण पश्चात विभिन्न निष्कर्षहरू पाइएका छन् । नि.मा.वि. तहमा नेपाली भाष शिक्षणका क्रममा सरकारी निजी विद्यालयका शिक्षकहरूले अबलम्वन गरेका कार्यकलापहरूको प्रकृति सन्तोषजनक भएतापनि तिनीहरूको गुणस्तरमा कमजोरी पाइयो । पाठको तयारी, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, शिक्षण विधिमा विविधता विद्यार्थी विद्यार्थी अन्तर्क्रिया, भिन्न भिन्न भाषी बिचको अन्तर्क्रिया, जान्ने नजान्ने बिचको अन्तर्क्रिया, शिक्षण विधिमा खोज विधि, अभ्यास विधि, खेल विधिको प्रयोगको अवस्था न्यून देखिन्छ । विद्यार्थी मूल्याङ्कनलाई त्रैमासिक वा चौमासिक रूपमा मात्र नगरी दैनिक कार्यकलापको एक अभिन्न अङ्गका रूपमा लिनु पर्दछ ।कक्षाकोठामा नेपाली भाषा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूलाई नै बढीभन्दा बढी सक्रिय बनाउनु पर्ने देखिन्छ । यस्ता विविध क्रियाकलापहरूको तुलनत्मक अध्ययन गर्दा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयको अवस्था राम्रो देखिन्छ ।

यस शोधपत्र तयारीका क्रममा विभिन्न प्रश्नावलीहरू बनाई विद्यार्थी र शिक्षकलाई दिइएको थियो । शिक्षक र विद्यार्थीहरूलाई दिइएका ती प्रश्नावलीहरूको जवाफ सकरात्मक पाइयो । शिक्षकहरू अन्तर्क्रियात्मक विधि र निरन्तर मूल्याङ्कन लगायत शिक्षण सिकाइका पछिल्ला प्रचलित विधिहरूसँग परिचित भएको पाइयो । यस्ता खालको ज्ञानलाई व्यवहारमा उतार्ने सन्दर्भमा भने थोरै कन्जुस्याइँ गरिएको पाइयो ।

# अध्याय छ

# निष्कर्ष तथा सुझाव

नि.मा.वि. तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययनको क्रममा रत्ननगर नगरपालिका भित्रका एक सरकारी र एक निजी विद्यालयलाई छनोट गरिएको छ । उक्त विद्यालयहरूमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने दुई दुई जना गरी जम्मा चार जना शिक्षकहरूको कक्षाहरूको स्थलगत अध्ययनका लागि छुट्टाछुट्टै फारमहरूको प्रयोग गरिएको छ । ती फारमहरूको निर्माण एवम् कक्षा अवलोकनका क्रममा खास गरी शिक्षक विद्यार्थी अन्तर्क्रियालाई जोड दिइएको छ । कक्षा फारममा शिक्षण विधि, शैक्षिक सामग्री लगायतका विभिन्न शीर्षक राखी कक्षा अवलोकन गरिएको छ । जसको उद्देश्य पनि अन्तर्क्रियाकै स्थिति पत्ता लगाउनु हो । यसका अतिरिक्त यस शोधको उद्देश्यलाई पूर्णता दिनका लागि शिक्षक प्रश्नावली तथा विद्यार्थी प्रश्नावली तयार गरिएको छ । उक्त प्रश्नावलीबाट प्रप्त तथ्यलाई सङ्कलन गरी व्याख्या विश्लेषण समेत गरिएको छ ।

हरेक विषयको अध्ययन पश्चात त्यसका सकारात्मक र नकारात्मक दुवै पक्षहरू देखा पर्दछन् । यस शिक्षक विद्यार्थी अन्तर्क्रिया विधि पछिल्लो चरणमा प्रयोगमा आएको विधि हो । जसकारण यस विषयका सन्दर्भमा सबै शिक्षकहरू सैद्धान्तिक रूपमा परिचित भए पनि व्यवहारिक रूपमा कक्षाहरूमा एकोहोरो प्रवचन दिएको पाइयो । यस खालको प्रवचनलाई यहाँ एकोहोरो अन्तर्क्रिया भनिएको छ । यिनै पक्षहरूलाई दृष्टिगत गरी तयार पारिएको यस अध्ययनबाट प्राप्त निष्कर्ष तथा सुझावलाई तल चर्चा गरिएको छ ।

## ६.१ अध्ययनका निष्कर्षहरू

वर्तमान अवस्थामा निर्धारण गरिएको शैक्षिक तहको अवस्था अनुसार नि.मा.वि. तह भन्नाले कक्षा ६, ७ र ८ लाई बुझाउँछ । यस तहमा खास गरी १२ वर्ष देखि १५ वर्ष उमेर समूहका बालबालिकाहरू पर्दछन् । यस उमेर समूहका बालबालिकाहरू भाषिक अवस्था मजबुत हुने अवस्था हो । तर यस समयमा प्रशस्त मात्रामा त्रुटिहरू देखा पर्दछन् । मा.वि. तथा उच्च शिक्षाका लागि बलियो भाषिक आधारभूमि निर्माण गर्नुपर्ने हुन्छ । उनीहरूको सामाजिक पक्षलाई हेर्ने हो भने पनि बढी मात्रामा सामाजिकीकरणतर्फ अभिरुचि देखाउने समय हो । यस समयका बालबालिकाहरूको मानसिक क्षमता, तर्कशक्ति, रचनात्मक

क्षमताको उच्चतम विकास हुने समय हो । तसर्थ बहुपक्षिय अन्तर्क्रियाका माध्यमबाट विद्यार्थीहरूका यी पक्षहरूलाई मजबुत बनाउन सकिन्छ ।

यस अध्ययन अनुसार नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा अन्तर्क्रियाको प्रयोग अवस्था न्यून मात्रामा पाइयो । प्राय विद्यालयका शिक्षकहरूमात्र सक्रिय रहेका र अधिकांश कक्षाहरूमा विद्यार्थी निष्क्रिय रहेको स्थिति पाइयो । शिक्षक विद्यार्थी बिचको दोहोरो अन्तर्क्रिया नै एउटा त्यस्तो विधि हो जसले शिक्षकहरूको साथमा विद्यार्थीलाई पनि सक्रिय बनाउँछ । सामाजिकीकरणका लागि उपयुक्त समय मानिने १२-१५ वर्ष उमेर समूहका विद्यार्थीहरू अन्तर्क्रियामा अझ बढी रुचि राख्ने र सहभागी हुने समय हो । यसप्रकारको अन्तर्क्रियाले व्यक्तित्त्व विकास र समाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यस खालको अन्तर्क्रियालाई भाषिक विकासका क्षेत्रमा लगाउने हो भने यसले भाषिक सिप विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यही उद्देश्यका साथ गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदामा देखाइएको छ :

i. अधिकाशं कक्षाहरूमा शिक्षकहरू मात्र सक्रिय भएका र विद्यार्थीहरू निष्क्रिय रहेको पाइयो ।
ii. धेरै कक्षाहरूमा शिक्षकको एकोहोरो अन्तर्क्रिया भएको पाइयो ।
iii. विद्यार्थी र शिक्षकको सम्बन्ध कमजोर भएको पाइयो ।
iv. विद्यार्थी सङ्ख्या धेरै भएका कारणले अन्तर्क्रिया सञ्चालनमा कठिनाई भएको पाइयो ।
v. दोहोरो अन्तर्क्रिया भएका कक्षाहरूमा पनि प्राय शिक्षक र जान्ने विद्यार्थीहरू बिच मात्र अन्तर्क्रिया भएको पाइयो ।
vi. असाध्यै न्यून मात्रामा शैक्षिक सामग्रीको प्रयोग भएको पाइयो ।
vii. दोहोरो अन्तर्क्रियामा शिक्षकसँग विद्यार्थीहरू डराउने र साथीहरूसँग लाज मान्ने कारणले प्रभावकारी रूपमा अन्तर्क्रिया हुन नसकेको पाइयो ।
viii. शिक्षा सङ्कायबाट अध्ययन गरी आएका शिक्षक र अन्य सङ्कायबाट आएका शिक्षकहरूको शिक्षण कार्यकलापमा भिन्नता भेटियो ।
ix. तालिम प्राप्त शिक्षकहरू दोहोरो अन्तर्क्रियामा बढी जोड दिएको पाइयो ।
x. एकोहोरो अन्तर्क्रिया बढी मात्रामा भएको हुँदा विद्यार्थीहरूको प्रतिभा र क्षमता पहिचानमा कठिनाई भएको देखियो ।

xi. दैनिक पाठयोजनाबिना नै शिक्षकहरू कक्षाकोठामा प्रवेश गरेको पाइयो ।

xii. मूल्याङ्कनलाई शिक्षण कार्यकलापको सहकार्यकलापका रूपमा स्वीकार गर्न नसकिएको पाइयो ।

xiii. मूल्याङ्कन कार्यकलापका सबै प्रकारका विद्यार्थीहरूलाई समेट्न नसकेको देखियो ।

xiv. शिक्षण कार्यकलापले अवलोकन गर्दा भाषा शिक्षण गर्नु भन्दा पनि विषय शिक्षण गरेको पाइयो ।

xv. तुलनात्मक रूपमा सरकारी विद्यालयभन्दा निजी विद्यालयमा बढी मात्रामा अन्तर्क्रियात्मक विधिको प्रयोग गरेको पाइयो ।

समग्रमा कक्षाकोठामा अझै पनि परम्परागत शैलीमा एउटा पाठ्यपुस्तक, कालोपाटी र चकका आधारमा शिक्षकले शिक्षण कार्यकलाप सञ्चालन गरेको पाइयो । प्रवचन विधिलाई अधिक मात्रामा प्रयोगमा ल्याएको पाइयो । दोहोरो अन्तर्क्रियाको अवस्था न्यून रहेको पाइयो । त्यसकारण भाषा शिक्षणका सन्दर्भमा शिक्षकले दोहोरो अन्तर्क्रियालाई बढी प्राथमिकता दिई विद्यार्थीहरूलाई नै बढी सक्रिय बनाउनु पर्ने देखिन्छ ।

### ६.२ अध्ययनका सुझावहरू

नि.मा.वि. तहको शिक्षक विद्यार्थी अन्तर्क्रियाबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ । यसबाट शिक्षक र विद्यार्थी अन्तर्क्रियाको क्रममा सुधार गरी बढीभन्दा बढी विद्यार्थीलाई अन्तर्क्रिया गराएर शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी बन्ने अपेक्षा गरिएको छ । सुझावहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

i. अधिकाशं कक्षामा शिक्षक सक्रिय रहेको र विद्यार्थीहरू निष्क्रिय रहेकोले विद्यार्थीहरूलाई बढी सक्रिय बनाउनु पर्ने देखिन्छ ।

ii. विद्यार्थी शिक्षकसँग बढी डराउने भएकाले अन्तर्क्रियामा नकरात्मक प्रभाव परेको हुँदा शिक्षक र विद्यार्थी बिच सुमधुर सम्बन्ध हुनु आवश्यक छ ।

iii. विद्यार्थी सङ्ख्यामा अधिक भएकाले दोहोरो अन्तर्क्रिया सञ्चालनमा कठिनाइ देखिएको हुँदा ४० जना भन्दा बढी सङ्ख्यामा विद्यार्थीहरू नराख्ने ।

iv. दोहोरो अन्तर्क्रिया सञ्चालन गर्दा, जान्ने नजान्ने, छात्र छात्रा, नजान्ने नजान्ने पहिलो भाषाका रूपमा नेपाली सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने सबैलाई समान रूपमा सहभागी गराउनु पर्ने देखिन्छ ।

v. अन्तर्क्रिया सञ्चालन गर्दा पाठ्यपुस्तक र अभ्यासमा मात्र नभई शिक्षण सामग्री र विद्यार्थीका बिचामा पनि अन्तर्क्रिया गराउन सकिने हुँदा यस विषयमा जोड दिनु आवश्यक देखिन्छ ।

vi. कक्षाकोठामा दोहोरो अन्तर्क्रिया सञ्चालनका लागि तालिम प्राप्त शिक्षकहरूको कक्षाकार्यकलाप प्रभावकारी देखिएकाले समय समयमा तालिम दिनुपर्ने तथा पुनर्ताजगी गराउनु पर्ने देखिन्छ ।

vii. कक्षाकोठामा दोहोरो अन्तर्क्रियाका माध्यमले विद्यार्थीहरूलाई सक्रिय बनाई उनीहरूको अनर्तिर्नहित क्षमताको पहिचान गरी त्यसलाई बाहिर ल्याउनु पर्ने देखिन्छ ।

viii. शिक्षक कक्षामा जानुपूर्व पाठयोजना बनाउनु पर्ने देखिन्छ जसले कक्षाकोठाभित्र गर्ने कार्यकलापहरूलाई सुनिश्चित गर्दछ ।

ix. मूल्याङ्कन कार्यकलापलाई त्रैमासिक/चौमासिक वा वार्षिक परीक्षाका रूपमा मात्र नलिई दैनिक कक्षा कार्यकलापको एउटा अङ्गका रूपमा लिनु पर्ने देखिन्छ ।

x. मूल्याङ्कन गर्दा कक्षामा रहेका सबै प्रकारका विद्यार्थीहरू पहिलो भाषी- दोस्रो भाषी, जान्ने-नजान्ने, छात्र-छात्रा सबैलाई समेट्नु पर्ने देखिन्छ ।

माथि उल्लेख गरिएका सुझावहरूलाई कक्षाकोठामा अवलम्बन गरिएमा विद्यालयमा भाषा शिक्षणका सन्दर्भमा परम्परादेखि चलेको प्रवचन विधिमा कमी आई अन्तर्क्रियात्मक विधिकाे प्रयोग बढ्न जाने देखिन्छ । जसले भाषाशिक्षणका सन्दर्भमा प्रभावकारिता ल्याउने देखिन्छ । तसर्थ यस्ता अन्तर्क्रियात्मक विधिहरूको प्रयोगमा अभिवृद्धि ल्याउनका लागि यसका बारेमा शिक्षकलाई नै बढी सचेत बनाउनुपर्ने र तालिम दिनुपर्ने देखिन्छ ।

### ६.३ अध्ययनका दुर्बल पक्षहरू

प्रस्तुत अध्ययन चितवन जिल्ला, रत्ननगर नगरपालिकाभित्रका एक निजी र एक सरकारी गरी दुई विद्यालयका नि.मा.वि. तहका नेपाली भाषा शिक्षमा अन्तर्क्रिया विधिको प्रयोगमा केन्द्रित छ । नि.मा.वि. तहका दुई विद्यालयका कक्षाहरूमा मात्र केन्द्रित रही

अध्ययन गरिएको छ । यस अध्ययनको आफ्नै सीमाका कारणले यसले अन्य पक्षहरूको पूर्ण रूपमा अध्ययन गर्न सकेको छैन । नमुना छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको यस अध्ययनमा कक्षा अवलोकनका क्रममा पनि दुई विद्यालयका चार जना शिक्षकको दश/दश कक्षा गरी ४० वटा कक्षा अवलोकन गरिएको छ । यस अवलोकनका क्रममा नि.मा.वि. तहको नेपाली पाठ्यपुस्तकको सबै पाठहरू र त्यसँग सम्बन्धित अभ्यास तथा कक्षाकार्यकलापको अध्ययन हुन सकेको छैन । यस अध्ययनमा सबै विधाहरूमा पनि समेटिन सकेका छैनन् । यसरी सम्पूर्ण जनसङ्ख्या सबै विधाका पाठ र कक्षा शिक्षणमा अवलम्बन गरिएका सम्पूर्ण पक्षहरू समेटिन सकेका छैनन् । यसलाई अध्ययनको दुर्बल पक्षको रूपमा लिन सकिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी हेमाङ्गराज (२०५९), **नेपाली भाषाशिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

ढकाल, विष्णुप्रसाद (२०६६), **कक्षा तिनका शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** , *अप्रकाशित एम. एड. शोधपत्र* त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), **सामान्य भाषाविज्ञन**, काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६१), **भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** भोटाहिटी काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

भण्डारी, पारसमणी र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : पिनाकल पब्लिकेशन ।

भट्टराई, रामप्रसाद ( २०६५), **भाषिक अनुसन्धान विधि**, शुभकामना प्रकाशन ।

लम्साल, रामचन्द्र ( २०५५), **अनिवार्य नेपाली शिक्षण निर्देशिका**, भक्तपुर : उच्च माध्यमिक शिक्षा परिषद् ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०५७), **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय अध्ययन**, काठमाडौँ; एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

______________ (२०६३), **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा**, काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

## परिशिष्टहरू

### परिशिष्ट- एक

**कक्षा अवलोकन फारम**

**पाठ शीर्षक :** ........................... **पाठ्यवस्तु :** ..................

**विद्यालयको नाम :** .............................. **शिक्षकको नाम :** .................

**विषय :** .................................. **कक्षा :** ..........................

**समय :** .......................................... **मिति :** ........................

| क्र.सं. | कार्यकलापहरू | अतिउत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **कक्षा प्रारम्भ** | | | | | |
| क | पूर्वपाठमा आधारित | | | | | |
| ख | पाठप्रति विद्यार्थीको रुचि जागरण | | | | | |
| ग | पाठको सन्दर्भ ल्याएर शुरु गर्ने | | | | | |
| घ | पाठको तयारी | | | | | |
| ङ | शिक्षण उद्देश्यबारे स्पष्ठता | | | | | |
| २ | **शैक्षिक सामग्रीहरू** | | | | | |
| क | चार्ट | | | | | |
| ख | दैनिक प्रयोगका सामग्रीहरू | | | | | |
| ग | चित्र | | | | | |
| घ | शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति | | | | | |
| ङ | फलाटिन वोर्ड | | | | | |
| ३ | **शिक्षण विधिहरू** | | | | | |
| क | प्रवचन | | | | | |
| ख | छलफल | | | | | |
| ग | प्रश्नोत्तर | | | | | |
| घ | समस्या समाधान | | | | | |
| ङ | खोज विधि | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **४** | **शिक्षक विद्यार्थीको सक्रियता** | | | | | |
| क | शिक्षकको सक्रियता | | | | | |
| ख | विद्यार्थीको सक्रियता | | | | | |
| **५** | **शिक्षक विद्यार्थी सहभागिता** | | | | | |
| क | विद्यार्थीको सहभागिता | | | | | |
| ख | शिक्षकको सहभागिता | | | | | |
| ग | छात्रको सहभागिता | | | | | |
| घ | छात्राको सहभागिता | | | | | |

## परिशिष्ट- दुई

## अन्तर्क्रिया सम्बन्धी कक्षा अवलोकन फारम

| क.सं. | अन्तर्क्रियाको प्रकृति | निजी विद्यालय | सरकारी विद्यालय |
|---|---|---|---|
| १ | दोहोरो अन्तर्क्रिया | | |
| २ | एकोहोरो अन्तर्क्रिया | | |
| ३ | शैक्षिक सामग्री र विद्यार्थी बिच अन्तर्क्रिया | | |
| ४ | शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया | | |
| ५ | जान्ने नजान्ने बिच अन्तर्क्रिया | | |
| ६ | जान्ने जान्ने बिच अन्तर्क्रिया | | |
| ७ | छात्र र छात्रा बिच अन्तर्क्रिया | | |
| ८ | पहिलो भाषी र दोस्रो भाषी बिच अन्तर्क्रिया | | |
| ९ | नजान्ने नजान्नेका बिचमा अन्तर्क्रिया | | |

# परिशिष्ट- तीन

## मूल्याङ्कन सम्बन्धी अवलोकन फारम

| क.सं. | मूल्याङ्कन | निजी विद्यालय | सरकारी विद्यालय |
|---|---|---|---|
| १ | नियमित मूल्याङ्कन गरेको | | |
| २ | नियमति मूल्याङ्कन नगरेको | | |
| ३ | गृहकार्यबाट मूल्याङ्कन गरेको | | |
| ४ | कक्षाकार्यबाट मूल्याङ्कन गरेको | | |
| ५ | गृहकार्य +कक्षाकार्यबाट मूल्याङ्कन गरेको | | |
| ६ | मौखिक प्रश्नबाट मूल्याङ्कन गरेको | | |
| ७ | लिखित रूपमा मूल्याङ्कन गरेको | | |
| ८ | मौखिक +लिखित दुवै रूपमा मूल्याङ्कन गरेको | | |
| ९ | व्यक्ति तोकेर प्रश्न गरेको | | |
| १० | सामूहिक रूपमा प्रश्न गरेको | | |
| ११ | दुवै तरिका अपनाएर प्रश्न गरेको | | |

## परिशिष्ट- चार

## शिक्षक प्रश्नावली फारम

विद्यालयको नाम : ............................................. शिक्षण अनुभवः ......

शिक्षकको नाम : ............................................. शिक्षणीय तह :

शैक्षिक योग्यता : ............... उमेर : .................. तालिम अवधि : ...............

कारण सहित एक वाक्यमा उत्तर दिनुहोस् ।

१) कक्षाकोठामा प्रवेश गर्नुपूर्व पाठको पूर्वतयारी आवश्यक छ ? किन ?

.....................................................................................

२) पाठको पुनरावृत्ति गराउनु हुन्छ वा हुँदैन ? किन ?

.....................................................................................

३) दैनिक प्रयोगका सामग्री बाहेक अन्य शिक्षण सामग्री प्रयोग गर्नु हुन्छ ? किन ?

.....................................................................................

४) शिक्षक विद्यार्थी बिच छलपल गराउनु हुन्छ ? किन ?

.....................................................................................

५) समास्या समाधानका लागि कक्षामा को अग्रसर हुन्छ ? तपाईं वा विद्यार्थी ?

.....................................................................................

६) शिक्षण क्रियाकलापमा समय विभाजन गर्नु हुन्छ ? किन ?

.....................................................................................

७) कक्षा छलफलमा सहभागी हुनुहुन्छ ? किन ?

.....................................................................................

८) कक्षाकोठामा अन्तर्क्रिया गराउनु हुन्छ ? किन ?

.....................................................................................

९) अन्तर्क्रियामा कुन कुन विद्यार्थी सहभागी गराउनु हुन्छ ? ( जान्न-नजान्ने, छात्र- छात्रा)

.....................................................................................

१०) विधाको विविधता अनुसार अलग अलग शिक्षण विधि आवश्यक छ ? किन ?

...........................................................................................

११) पाठ प्रारम्भ गर्नुपूर्व पाठको सन्दर्भ बताउनु हुन्छ ? किन ?

...........................................................................................

१२) दैनिक पाठयोजना बनाउनु हुन्छ ? किन ?

...........................................................................................

१३) कक्षा व्यवस्थापन कसरी गराउनु हुन्छ ?

...........................................................................................

१४) विद्यार्थीले सही जवाफ दिँदा के गर्नु हुन्छ ?

...........................................................................................

१५) विद्यार्थीहरूको दैनिक मूल्याङ्कन आवश्यक छ ? किन ?

...........................................................................................

# परिशिष्ट- पाँच

# विद्यार्थी प्रश्नावली फारम

विद्यार्थीको नाम : ............................................ कक्षा : ................

विद्यालयको नाम ............................................ मिति : ................

कारण सहित एक वाक्यमा उत्तर दिनुहोस् ।

१) तिमी कक्षामा नियमित उपस्थित हुन्छौ ?

.........................................................................................

२) सरले प्रश्न सोध्नु हुन्छ ?

.........................................................................................

३) प्रश्न सामूहिक रुपमा सोध्नु हुन्छ वा व्यक्तिगत ?

.........................................................................................

४) सही जवाफ दिएमा के गर्नु हुन्छ ?

.........................................................................................

५) विद्यार्थीले प्रश्न सोधेमा उत्तर बताई दिनु हुन्छ ?

.........................................................................................

६) कक्षामा आएका समस्याका बारेमा छलफल गराउनु हुन्छ ?

.........................................................................................

७) प्रश्न सोध्दा जान्ने नजान्ने कसलाई सोध्नु हुन्छ ?

.........................................................................................

८) पढाउँदा एकोहोरो व्याख्या गर्नु हुन्छ वा विद्यार्थीलाई पनि बोल्ने अवसर दिनु हुन्छ ?

.........................................................................................

९) कक्षा कोठामा शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

.........................................................................................

# परिशिष्टहरू

## परिशिष्ट- एक

**कक्षा अवलोकन फारम**

**पाठ शीर्षक :** ..........................  **पाठ्यवस्तु :** ..................

**विद्यालयको नाम :** .............................  **शिक्षकको नाम :** .................

**विषय :** ..................................  **कक्षा :** ..........................

**समय :** ..........................................  **मिति :** ........................

| क्र.सं. | कार्यकलापहरू | अतिउत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| **१** | **कक्षा प्रारम्भ** | | | | | |
| क | पूर्वपाठमा आधारित | | | | | |
| ख | पाठप्रति विद्यार्थीको रुचि जागरण | | | | | |
| ग | पाठको सन्दर्भ ल्याएर शुरु गर्ने | | | | | |
| घ | पाठको तयारी | | | | | |
| ङ | शिक्षण उद्देश्यबारे स्पष्ठता | | | | | |
| **२** | **शैक्षिक सामग्रीहरू** | | | | | |
| क | चार्ट | | | | | |
| ख | दैनिक प्रयोगका सामग्रीहरू | | | | | |
| ग | चित्र | | | | | |
| घ | शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति | | | | | |
| ङ | फलाटिन वोर्ड | | | | | |
| **३** | **शिक्षण विधिहरू** | | | | | |
| क | प्रवचन | | | | | |
| ख | छलफल | | | | | |
| ग | प्रश्नोत्तर | | | | | |
| घ | समस्या समाधान | | | | | |
| ङ | खोज विधि | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **४** | **शिक्षक विद्यार्थीको सक्रियता** | | | | | |
| क | शिक्षकको सक्रियता | | | | | |
| ख | विद्यार्थीको सक्रियता | | | | | |
| **५** | **शिक्षक विद्यार्थी सहभागिता** | | | | | |
| क | विद्यार्थीको सहभागिता | | | | | |
| ख | शिक्षकको सहभागिता | | | | | |
| ग | छात्रको सहभागिता | | | | | |
| घ | छात्राको सहभागिता | | | | | |

## परिशिष्ट- दुई

## अन्तर्क्रिया सम्बन्धी कक्षा अवलोकन फारम

| क्र.सं. | अन्तर्क्रियाको प्रकृति | निजी विद्यालय | सरकारी विद्यालय |
|---|---|---|---|
| 1 | दोहोरो अन्तर्क्रिया | | |
| 2 | एकोहोरो अन्तर्क्रिया | | |
| 3 | शैक्षिक सामग्री र विद्यार्थी बिच अन्तर्क्रिया | | |
| 4 | शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया | | |
| 5 | जान्ने नजान्ने बिच अन्तर्क्रिया | | |
| 6 | जान्ने जान्ने बिच अन्तर्क्रिया | | |
| 7 | छात्र र छात्रा बिच अन्तर्क्रिया | | |
| 8 | पहिलो भाषी र दोस्रो भाषी बिच अन्तर्क्रिया | | |
| 9 | नजान्ने नजान्नेका बिचमा अन्तर्क्रिया | | |

## परिशिष्ट- तीन

## मूल्याङ्कन सम्बन्धी अवलोकन फारम

| क.सं. | मूल्याङ्कन | निजी विद्यालय | सरकारी विद्यालय |
|---|---|---|---|
| 1 | नियमित मूल्याङ्कन गरेको | | |
| 2 | नियमति मूल्याङ्कन नगरेको | | |
| 3 | गृहकार्यबाट मूल्याङ्कन गरेको | | |
| 4 | कक्षाकार्यबाट मूल्याङ्कन गरेको | | |
| 5 | गृहकार्य +कक्षाकार्यबाट मूल्याङ्कन गरेको | | |
| 6 | मौखिक प्रश्नबाट मूल्याङ्कन गरेको | | |
| 7 | लिखित रूपमा मूल्याङ्कन गरेको | | |
| 8 | मौखिक +लिखित दुवै रूपमा मूल्याङ्कन गरेको | | |
| 9 | व्यक्ति तोकेर प्रश्न गरेको | | |
| 10 | सामूहिक रूपमा प्रश्न गरेको | | |
| 11 | दुवै तरिका अपनाएर प्रश्न गरेको | | |

## परिशिष्ट- चार

## शिक्षक प्रश्नावली फारम

विद्यालयको नाम : ............................................ शिक्षण अनुभवः ......

शिक्षकको नाम : ............................................ शिक्षणीय तह :

शैक्षिक योग्यता : ............... उमेर : .................. तालिम अवधि : ...............

कारण सहित एक वाक्यमा उत्तर दिनुहोस् ।

१) कक्षाकोठामा प्रवेश गर्नुपूर्व पाठको पूर्वतयारी आवश्यक छ ? किन ?

.................................................................................

२) पाठको पुनरावृत्ति गराउनु हुन्छ वा हुँदैन ? किन ?

.................................................................................

३) दैनिक प्रयोगका सामग्री बाहेक अन्य शिक्षण सामग्री प्रयोग गर्नु हुन्छ ? किन ?

.................................................................................

४) शिक्षक विद्यार्थी बिच छलपल गराउनु हुन्छ ? किन ?

.................................................................................

५) समास्या समाधानका लागि कक्षामा को अग्रसर हुन्छ ? तपाईं वा विद्यार्थी ?

.................................................................................

६) शिक्षण क्रियाकलापमा समय विभाजन गर्नु हुन्छ ? किन ?

.................................................................................

७) कक्षा छलफलमा सहभागी हुनुहुन्छ ? किन ?

.................................................................................

८) कक्षाकोठामा अन्तर्क्रिया गराउनु हुन्छ ? किन ?

.................................................................................

९) अन्तर्क्रियामा कुन कुन विद्यार्थी सहभागी गराउनु हुन्छ ? ( जान्न-नजान्ने, छात्र- छात्रा)

.................................................................................

१०) विधाको विविधता अनुसार अलग अलग शिक्षण विधि आवश्यक छ ? किन ?

...........................................................................................

११) पाठ प्रारम्भ गर्नुपूर्व पाठको सन्दर्भ बताउनु हुन्छ ? किन ?

...........................................................................................

१२) दैनिक पाठयोजना बनाउनु हुन्छ ? किन ?

...........................................................................................

१३) कक्षा व्यवस्थापन कसरी गराउनु हुन्छ ?

...........................................................................................

१४) विद्यार्थीले सही जवाफ दिँदा के गर्नु हुन्छ ?

...........................................................................................

१५) विद्यार्थीहरूको दैनिक मूल्याङ्कन आवश्यक छ ? किन ?

...........................................................................................

## परिशिष्ट- पाँच

## विद्यार्थी प्रश्नावली फारम

विद्यार्थीको नाम : ............................................ कक्षा : ................

विद्यालयको नाम ............................................ मिति : ................

कारण सहित एक वाक्यमा उत्तर दिनुहोस् ।

१) तिमी कक्षामा नियमित उपस्थित हुन्छौ ?

..................................................................................

२) सरले प्रश्न सोध्नु हुन्छ ?

..................................................................................

३) प्रश्न सामूहिक रुपमा सोध्नु हुन्छ वा व्यक्तिगत ?

..................................................................................

४) सही जवाफ दिएमा के गर्नु हुन्छ ?

..................................................................................

५) विद्यार्थीले प्रश्न सोधेमा उत्तर बताई दिनु हुन्छ ?

..................................................................................

६) कक्षामा आएका समस्याका बारेमा छलफल गराउनु हुन्छ ?

..................................................................................

७) प्रश्न सोध्दा जान्ने नजान्ने कसलाई सोध्नु हुन्छ ?

..................................................................................

८) पढाउँदा एकोहोरो व्याख्या गर्नु हुन्छ वा विद्यार्थीलाई पनि बोल्ने अवसर दिनु हुन्छ ?

..................................................................................

९) कक्षा कोठामा शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

..................................................................................